मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## हरि खेतानमा विद्यार्थीको आन्दोलन

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजस्थित हरि खेतान बहुमुखी क्याम्पसका विद्यार्थीले क्याम्पस निजीकरण गर्ने प्रयासको विरोध गर्दै आन्दोलन शुरु गरेका छन्।

विद्यार्थीहरूले सार्वजनिक क्याम्पसलाई निजी क्षेत्रको नियन्त्रणमा लैजाने प्रयास शिक्षा प्रणालीविरुद्ध हुने भएकाले त्यसलाई तत्काल रोक्न माग गरेका छन् । प्रदर्शनमा विद्यार्थीहरूले व्यवस्थापन समितिविरुद्ध गम्भीर असन्तोष जनाएका छन् साथै आगामी दिनमा आफ्ना मागहरू पूरा नहुँदासम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्।

● वर्ष ४ ● अंक ६८ ● २०८२ साल माघ ०८ गते बिहीबार ● Thursday 22, January 2026 ● सूर्योदय: बिहान ०६:५५ बजे ● सूर्यास्त: साँझ ५:३८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# मधेशमा हेभिवेट उम्मेदवारबीच जुँगाको लडाइँ




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि मनोनयन दर्ता सम्पन्न भएसँगै मधेश प्रदेशका अधिकांश निर्वाचन क्षेत्रमा रोचक र कडा प्रतिस्पर्धा हुने देखिएको छ । प्रदेशका धेरै क्षेत्रमा हेभिवेट नेतामाथि हेभिवेट नेताले नै चुनौती दिएका छन्, जसले चुनावी माहोललाई थप चासोको विषय बनाएको छ ।

सर्लाही–४ मा नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, धनुषा–३ मा कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधि, सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, धनुषा–४ मा एमालेका उपमहासचिव रघुवीर महासेठ र सप्तरी–२ मा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतजस्ता प्रभावशाली नेता प्रतिस्पर्धामा छन् । यी सबैलाई फरकफरक दलका सशक्त नेताहरूले चुनौती दिएका छन् ।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले लामो समयदेखि निर्वाचन लड्दै आएको काठमाडौँ–४ छाडेर मधेश झर्ने निर्णय गर्दै सर्लाही–४ रोजेका छन् । यहाँ उनलाई कुनै समय उनकै सहयात्री रहेका डा. अमरेशकुमार सिंहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट चुनौती दिएका छन् ।

२०७९ को निर्वाचनमा कांग्रेसबाट टिकट नपाएपछि सिंहले स्वतन्त्र उम्मेदवारी दिएका थिए र २० हजार १७ मत ल्याएर विजयी भएका थिए । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेस उम्मेदवार नागेन्द्र कुमारले १८ हजार २ सय ५३ मत पाएका थिए । यो निर्वाचनमा रास्वपाका उम्मेदवारले मात्र ३ सय १८ मत पाएका थिए । तर अमरेश सिंह रास्वपामा प्रवेश गरेपछि यो क्षेत्रमा पार्टी जितप्रति आशावादी देखिएको छ ।

यद्यपि सर्लाही–४ मा कांग्रेसको संगठनात्मक पकड बलियो रहेको र प्रदेश उपसभापति वीरेन्द्र सिंहको प्रभावसमेत रहेकाले गगन थापाले आफ्नो राष्ट्रिय छविको बलमा सहज जित निकाल्न सक्ने आकलन पनि छ । धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा नेपाली कांग्रेसका पूर्व उपसभापति एवम् पूर्व उपप्रधानमन्त्री विमलेन्द्र निधि र एमाले नेतृ तथा पूर्वमन्त्री जुलीकुमारी महतोबीचको प्रतिस्पर्धा चासोको केन्द्र बनेको छ । २०७४ को निर्वाचनमा यसै क्षेत्रबाट लडेका निधि तत्कालीन राजपाका उम्मेदवार राजेन्द्र महतोसँग पराजित भएका थिए । यो निर्वाचनमा राजेन्द्रले ३० हजार ७ सय ५० मत पाएका थिए भने निधिले २७ हजार ८ सय ४७ मत मात्रै ल्याएका थिए । पछिल्लो निर्वाचनमा निधि प्रत्यक्ष चुनाव नलडी समानुपातिकतर्फबाट प्रतिनिधि सभा पुगेका थिए ।

यता जुलीकुमारी महतो २०७९ को निर्वाचनमा तत्कालीन लोसपाका उम्मेदवार अनिलकुमार झालाई पराजित गर्दै विजयी भएकी थिइन् । उनले ३३ हजार ३ सय ८८ मत ल्याउँदा झाले २३ हजार ६ सय ८६ मत पाएका थिए । यसपटक कांग्रेस र एमाले दुवैको बलियो पकड रहेको यस क्षेत्रमा निधि–जुलीबीचको प्रतिस्पर्धा अत्यन्त रोचक हुने देखिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४मा एमाले उपमहासचिव एवम् पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठ र कांग्रेसका निवर्तमान सहमहामन्त्री एवम् पूर्वमन्त्री महेन्द्र यादवबीच पुनः कडा प्रतिस्पर्धा हुँदैछ ।

२०७९ को निर्वाचनमा महासेठले महेन्द्र यादवलाई मात्र १ सय २४ मतको झिनो अन्तरले पराजित गरेका थिए । महासेठले ३२ हजार २ सय ३६ मत पाउँदा महेन्द्रले ३२ हजार १ सय १२ मत पाएका थिए । पराजयपछि महेन्द्र अदालतसम्म पुगे पनि फैसला महासेठकै पक्षमा आएको थियो ।

दुवै दलको गढ मानिने यस क्षेत्रमा यसपटक पनि नतिजा अन्तिम मतगणनापछि मात्रै स्पष्ट हुने देखिन्छ ।

सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो र नेकपाबाट उम्मेदवार बनेका महिन्द्रराय यादवबीच तेस्रो पटक आमनेसामने प्रतिस्पर्धा हुँदैछ । यसअघि भएका दुईवटै निर्वाचनमा महिन्द्रले राजेन्द्रलाई पराजित गरेका थिए । २०७९ को निर्वाचनमा महिन्द्रले २३ हजार ५ सय २९ मत ल्याएर विजयी हुँदा राजेन्द्रले २१ हजार ५ सय १८ मत मात्रै पाएका थिए । यसपटक पनि पुरानो प्रतिद्वन्द्विता दोहोरिँदैछ ।

सप्तरी–२ मा जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई यसपटक सहज अवस्था छैन । अघिल्लो निर्वाचनमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलाई फराकिलो मतान्तरले पराजित गरेका राउतलाई यसपटक पूर्व मुख्यमन्त्री सतिश सिंह र जसपा नेपालका उम्मेदवार उमेश यादवले चुनौती दिएका छन् ।

२०७९ को निर्वाचनमा राउतले ३५ हजार ४२ मत ल्याउँदा उपेन्द्र यादवले १६ हजार ९ सय ७९ मत मात्रै पाएका थिए । तर यसपटक आफ्नै पूर्व सहयात्री र जसपा उम्मेदवार मैदानमा आएकाले प्रतिस्पर्धा त्रिपक्षीय र जटिल बनेको छ । महोत्तरी–२ शरतसिंह भण्डारीका लागि सधैं सहज मानिँदै आएको निर्वाचन क्षेत्र हो । तर यसपटक कांग्रेस नेतृ किरण यादव मैदानमा उत्रिएपछि प्रतिस्पर्धा कडा हुने अनुमान गरिएको छ ।

२०७९ को निर्वाचनमा भण्डारीले २५ हजार १ सय ९० मत ल्याएर सहज जित निकालेका थिए । २०७४ को निर्वाचनमा पनि भण्डारीले किरण यादवलाई ठूलो मतान्तरले पराजित गरेका थिए । तर यस पटक कांग्रेस कार्यकर्ता साख जोगाउने रणनीतिमा रहेकाले प्रतिस्पर्धा रोचक हुने देखिन्छ ।

# महोत्तरी–३ मा हेभिवेट नेताविनै कडा प्रतिस्पर्धा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३ मा यसपटक हेभिवेट नेताहरूको प्रत्यक्ष उम्मेदवारी नदेखिए पनि चुनावी माहोल भने अत्यन्त तातेको छ । विभिन्न दलका आधिकारिक र बागी उम्मेदवारको उपस्थितिले यो क्षेत्र चर्चाको शिखरमा पुगेको हो ।

जसपा नेपालबाट महन्थ ठाकुरकी छोरी मिनाक्षी ठाकुर, जसपाकै बागी उम्मेदवार हरिनारायण यादव, एमालेका आधिकारिक उम्मेदवार मनोज सिंह, एमालेकै बागी उम्मेदवार रामआधार कापर, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार उज्वल झा तथा कांग्रेसका उम्मेदवार बजरंग नेपाली चुनावी मैदानमा छन् ।

२०७९ सालको निर्वाचनमा तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट महन्थ ठाकुरले १६ हजार ३ सय ७५ मतसहित विजय हासिल गरेका थिए । पछि ठाकुर राष्ट्रिय सभाको उम्मेदवार बनेपछि जसपा नेपालले उनकी छोरी मिनाक्षी ठाकुरलाई महोत्तरी–३ बाट उम्मेदवार बनाएको हो ।

मिनाक्षीलाई उम्मेदवार बनाएपछि असन्तुष्ट बनेका जसपाका नेता हरिनारायण यादवले बागी हुँदै स्वतन्त्र उम्मेदवारी दिएका छन् । यादवले अघिल्लो निर्वाचनमा ठाकुरलाई कडा टक्कर दिँदै १४ हजार ३ सय २६ मत प्राप्त गरेका थिए ।

यस्तै, एमालेले मनोज सिंहलाई उम्मेदवार बनाएपछि असन्तुष्ट बनेका रामआधार कापर पनि स्वतन्त्र उम्मेदवार बनेका छन् । कापरले अघिल्लो निर्वाचनमा समेत स्वतन्त्र उम्मेदवारी दिएका थिए र १२ हजार ७ सय ३३ मत ल्याउँदै तेस्रो स्थान हासिल गरेका थिए ।

यी उम्मेदवारहरूको बीचमा रास्वपाका उम्मेदवार उज्वल झाले पनि कडा प्रतिस्पर्धा गर्ने सम्भावना देखिएको छ । २०७९ को निर्वाचनमा झा महोत्तरी निर्वाचन क्षेत्र नम्बर ३(ख) बाट स्वतन्त्र उम्मेदवार बनेका थिए ।

निर्वाचनमा तत्कालीन लोसपाका उम्मेदवार रानी शर्मा तिवारी ५ हजार ४ सय १४ मतसहित विजयी हुँदा झा ५ हजार ४ सय ८९ मत ल्याएर झिनो अन्तरले पराजित भएका थिए । यही प्रदर्शनलाई आधार मानेर रास्वपाले झालाई महोत्तरी–३ बाट उम्मेदवार बनाएको हो ।

हेभिवेट नेताहरूको प्रत्यक्ष उपस्थिति नभए पनि विगतको मतपरिणाम, बागी उम्मेदवारी र नयाँ राजनीतिक शक्तिको प्रवेशले महोत्तरी–३ मा यी सबै उम्मेदवारहरुबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

# छोरी उम्मेदवार बनाएपछि महन्थको आलोचनामा यस्तो छ जवाफ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका संरक्षक महन्थ ठाकुरले आफ्नी छोरीलाई प्रतिनिधिसभा सदस्यको उम्मेदवार बनाएपछि उनको आलोचना भइरहेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि ठाकुरले महोत्तरी–३ बाट छोरी डा. मिनाक्षी झालाई उम्मेदवार बनाएपछि राजनीतिक दलदेखि बौद्धिक क्षेत्रसम्म आलोचनाका स्वर उठेका हुन् ।

आलोचनाका बाबजुद ठाकुरले भने पार्टीले समयको मागअनुसार 'जेन्जी' उम्मेदवार अघि सारेको दाबी गरेका छन् । उनका अनुसार नयाँ सोच, ऊर्जा र परिवर्तनको चाहना बोकेको युवापुस्तालाई राजनीतिमा ल्याउने उद्देश्यले मिनाक्षीलाई उम्मेदवार बनाइएको हो ।

संरक्षक ठाकुरले भने, 'अहिलेको माग अनुसार पार्टीले जेन–जी उम्मेदवारलाई अघि सारेको हो । नयाँ र परिवर्तनका लागि उत्साहित युवालाई उम्मेदवार बनाइएको हो ।'

आफूले समाज र देशका लागि योगदान दिँदा पटकपटक जेल बस्नुपरेको स्मरण गराउँदै त्यसबेला कसैले प्रश्न नउठाएको तर अहिले छोरीलाई उम्मेदवार बनाउँदा आलोचना भइरहेको उनले गुनासो गरे ।

उनले भने, 'मैले जे जति योगदान दिए, सबै यहीँका जनताका लागि, यही समाज र देशका लागि दिएँ । आजसम्म आफ्नो लागि केही गरेको छैन । तर आज एक जना पढे–लेखेको युवा, त्यसमाथि डाक्टर छिन्, राजनीतिमा आएर देश र समाजका लागि केही गर्ने हुटहुटी राख्छिन् । त्यसलाई टिकट दिँदा किन यति धेरै प्रश्न र आलोचना ?'

ठाकुर राष्ट्रिय सभामा जाने तयारीमा रहेकाले प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरी–३ बाट आफ्नै छोरीलाई उम्मेदवार बनाएको चर्चा समेत राजनीतिक वृत्तमा चलिरहेको छ ।

# संघीय लोकतान्त्रिक मोर्चाभित्र चुनावी तालमेल हुन सकेन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश केन्द्रित दलहरूले गठन गरेको संघीय लोकतान्त्रिक मोर्चामा चुनावी तालमेल हुन सकेको छैन । चुनावको घोषणा हुनेबित्तिकै बसेको मोर्चाको बैठकले आपसी तालमेल गर्ने निर्णय गरे पनि अन्तिमसम्म प्रयास गर्दा सहमति जुट्न नसक्दा मोर्चामा आबद्ध दलका नेताहरू एक–अर्काविरुद्ध चुनावी मैदानमा उत्रिएका छन् । मोर्चामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, डा. सीके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी नेपाल सहभागी छन् । तर यी दलहरूबीच कुनै पनि निर्वाचन क्षेत्रमा तालमेल हुनसकेको छैन । तालमेलको प्रयासकै क्रममा जनमत पार्टीका अध्यक्ष सीके राउत र जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवबीच सहमति नजुट्दा उपेन्द्र यादवले सप्तरी–२ छाडेर सप्तरी–३ बाट उम्मेदवारी दिएका छन् । मोर्चामा सहमति नबन्नु नै यस समस्याको मुख्य कारण भएको बताइएको छ । सप्तरी–२ मा सीके राउत उम्मेदवार बनेका छन् भने त्यहाँ जसपा नेपालले उमेश यादवलाई उम्मेदवार बनाएको छ । उपेन्द्र यादव उम्मेदवार रहेको सप्तरी–३ मा जनमत पार्टीले सुरेन्द्र मधेशीलाई टिकट दिएको छ । यस्तै, सर्लाही–२ मा राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो उम्मेदवार छन् भने त्यही क्षेत्रमा जसपा नेपालले भरत चौधरीलाई टिकट दिएको छ । जनमत पार्टीले पनि यो क्षेत्रमा आफ्नै उम्मेदवार उठाएको छ ।




राष्ट्रिय मुक्ति पार्टी नेपालले उपेन्द्र यादव उम्मेदवार रहेको सप्तरी–३ मा गजेन्द्र मण्डललाई उम्मेदवार बनाएको छ भने जनमत पार्टीले सीके राउत उम्मेदवार रहेको सप्तरी–२ मा अनिश अन्सारीलाई उठाएको छ । यसरी देशभर मोर्चामा आबद्ध दलहरू एक–अर्काविरुद्ध नै प्रतिस्पर्धामा उत्रिएका छन् । जसपा नेपालका नेता रामकुमार शर्माले समय अभावका कारण मोर्चाभित्र सहमति हुन नसकेको बताए । उनका अनुसार सहमति नजुटेपछि दलहरूले आआफ्नो उम्मेदवारी दर्ता गराएका हुन् ।

यसैबीच मधेशी मोर्चा एक ढिक्का नरहेको आरोप लगाउँदै जसपा नेपालका नेता डा. शिवजी यादवले पार्टी परित्याग गरेका छन् ।

लोकतान्त्रिक मोर्चाको सचिवालय संयोजकसमेत रहेका उनले मोर्चा गठनको उद्देश्यमा नेताहरू अडिग नरहेको बताए । मोर्चा एकजुट रहन नसक्नुमा आफूलाई समेत जिम्मेवार ठहर गर्दै उनले मोर्चा र जसपा नेपालको साधारण सदस्यता त्यागेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेको जानकारी दिए । राष्ट्रिय मुक्ति पार्टीका महासचिव सन्तोष मेहताले चुनावमा मोर्चाबीच तालमेल हुन नसक्नु दुःखद भएको प्रतिक्रिया दिए । संघीय लोकतान्त्रिक गणतन्त्र जोगाउन दलहरूबीच एकता आवश्यक भए पनि त्यसो हुन नसक्नु दुर्भाग्यपूर्ण भएको उनले बताए ।

# प्रदेश सभा आठौँ वार्षिकोत्सव मूल समारोह समितिको बैठक

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सभा आठौँ वार्षिकोत्सव आयोजना मूल समारोह समिति तथा विभिन्न उपसमितिका संयोजकको संयुक्त बैठक भएको छ । बैठकमा आठौँ वार्षिकोत्सव कार्यक्रमको तयारी, व्यवस्थापन र समन्वयका विविध पक्षमा विस्तृत छलफल गरिएको हो।

बैठकमा सहभागीले वार्षिकोत्सव कार्यक्रमलाई गरिमामय, समावेशी र प्रदेश सभाको गरिमा झल्किने ढंगले सम्पन्न गर्ने विषयमा आआफ्ना सुझाव प्रस्तुत गरेका थिए।

बैठकमा सभामुख रामअशिष यादवले मधेश प्रदेश सभाको आठौँ वार्षिकोत्सव औपचारिक कार्यक्रम मात्र नभई संघीय लोकतान्त्रिक अभ्यासलाई मजबुत बनाउने, विधायिकी सुदृढीकरण गर्ने तथा प्रदेश सभाले हासिल गरेका उपलब्धि जनतासमक्ष प्रस्तुत गर्ने महत्वपूर्ण अवसर भएको बताए।

उनले भने, 'वार्षिकोत्सवले प्रदेश सभाको भूमिका, जिम्मेवारी र उपलब्धिलाई जनतासम्म पु¥याउनुपर्छ। त्यसका लागि सबै उपसमितिबीच प्रभावकारी समन्वय आवश्यक छ।'

सभामुख यादवले कार्यक्रमको तयारीमा समय व्यवस्थापन, अतिथिहरूको समुचित व्यवस्थापन, प्रचार–प्रसार तथा सुरक्षा व्यवस्थामा विशेष ध्यान दिन निर्देशन दिए।

साथै, सबै उपसमितिलाई तोकिएको जिम्मेवारी समयमै पूरा गर्न आग्रह गर्दै सफल आयोजनाका लागि सामूहिक प्रयास अपरिहार्य रहेको उल्लेख गरे।

बैठकमा सहभागी संयोजकहरूले सभामुखको निर्देशनअनुसार आ–आफ्नो क्षेत्रबाट आवश्यक तयारीलाई तीव्र बनाउने प्रतिबद्धता जनाएका छन्।

# राष्ट्रिय सुरक्षाका विषयमा साझा बुझाइ हुनुपर्छः सेनापति

**काठमाडौँ ।**
प्रधानसेनापति अशोकराज सिग्देलले वर्तमान अन्तरराष्ट्रिय तथा क्षेत्रीय सुरक्षाको अवस्था बहुआयामिक, जटिल र चुनौतीपूर्ण बन्दै गएको बताएका छन् ।

उनले बहुपक्षीय संस्थाको कमजोर र स्वास्थ्य केन्द्रित गठबन्धनको बढ्दो प्रभाव, सूचना प्रविधिको व्यापक प्रयोग र दुरूपयोग, साना–राष्ट्रको घट्दो निर्णय क्षमताका कारण पनि राष्ट्रिय सुरक्षामा चुनौती थपिएको बताए ।

राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार विकास समितिद्वारा आयोजित 'नेपालको राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र समृद्धिमा प्रतिरक्षा विश्वविद्यालय'को भूमिका विषय कार्यक्रममा प्रधानसेनापति सिग्देलले राष्ट्रिय सुरक्षाको आयाम, क्षेत्र, अभ्यासमा सरोकारवालाबीच साझा सोच र धारणा आवश्यक रहेको बताए ।

उनले भने, 'नेपालको भू–राजनीतिक अवस्थित, तरल राजनीतिक अवस्था, विभिन्न समूह तथा सङ्घसंस्थाका गतिविधि, बसाइँसराइ, वैदेशिक रोजगारमा निर्भरता, घट्दो कृषि तथा बढ्दो आयातले आर्थिक तथा सामाजिक सुरक्षामा थप जटिलता उत्पन्न भइरहेको छ ।'

उनले जटिल र बहुआयामिक सामाजिक वातावरणमा बाह्य तथा आन्तरिक सुरक्षा पर्नसक्ने प्रभावको गहन विश्लेषण गर्दै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिक दृष्टिकोणसहित प्रभावकारी राष्ट्रिय सुरक्षाको व्यवस्था जानु आजको अपरिहार्यता रहेको बताए ।

प्रधानसेनापति सिग्देलले राष्ट्रिय सुरक्षाको प्रमुख उद्देश्य राज्यशक्तिका समयन्त्रको समन्वयात्मक उपयोग र प्रयोगबाट राष्ट्रियहितको जर्गेना गर्नु हो भने । उनले भने, 'हालको विश्वपरिवेशमा राष्ट्रिय सुरक्षा र प्रतिरक्षा केबल परम्परागत सैनिक सुरक्षामा मात्र सीमित नरही सामाजिक स्थायित्व, सुशासन, आर्थिक समृद्धि, बलियो कूटनीतिक, सफल सूचना संयन्त्र, प्रविधिको उपयोग एवं राष्ट्रियहितसँग सरोकार राख्ने सबै विषयसँग जोडिएको छ ।'

बहुसांस्कृतिक समाजमा पारम्परिक सम्बन्ध, आपसी सहिष्णुता र एकता कायम गर्दै राष्ट्रिय सुरक्षालाई बलियो तुल्याउनुपर्ने बताउँदै प्रधानसेनापति सिग्देलले भने, 'राष्ट्रिय सुरक्षा नीतिमा आधारित रही नेपालका सबै सम्बद्ध निकायलाई सबल, सक्षम र सुदृढ बनाउन तथा आन्तरिक तथा बाह्य सुरक्षा चुनौतीको समयमा नै पहिचान र विश्लेषण गरी प्रतिरक्षा, आन्तरिक सुरक्षा, सार्वजनिक सुरक्षा, परराष्ट्र र अर्थनीतिमा सामाञ्जस्यता ल्याएर सुरक्षालाई सुदृढ तुल्याउन सकिन्छ ।'

नेपालको भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता पुर्खाको दूरदृष्टि, राष्ट्रपतिको समर्पण र बलिदानबाट मात्र सम्भव भएको बताउँदै उनले वर्तमान पुस्तामा नेपालको इतिहास र परम्पराको ज्ञानबाट राष्ट्रभक्तिको भावना विकास जागृत तुल्याउन आवश्यक रहेको धारणा राखे ।

उनले राष्ट्रिय सुरक्षा, प्रतिरक्षा, राष्ट्रिय एकता तथा राष्ट्रिय सुरक्षाका सम्बन्धमा सबै सरोकारवाला निकाय र नागरिकमा साझा बुझाइको आवश्यकता महसुस गरी राष्ट्रिय विश्वविद्यालयको स्थापना र सञ्चालन अघि बढाइएको स्पष्ट पारे ।

प्रधानसेनापति सिग्देलले भने, 'भविष्यमा आइपर्नसक्ने बहुआयामिक चुनौतीलाई सामान गर्न राजनीतिक तहमा सोच्नसक्ने, अन्तरनिकायबीचको समन्वय र राष्ट्रियहितलाई केन्द्रमा राखेर रणनीतिक तहको नेतृत्व उत्पादन र विकास गर्न राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय एक महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछ ।'

विश्वविद्यालय पूर्वाधार निर्माण विकास समितिका कार्यकारी निर्देशक एवं उपरथी विष्णु राउतले नेपालको ठूलो प्राज्ञिक अनुसन्धान संस्थाका रूपमा अघि बढिरहेको विश्वविद्यालयको पाठ्यक्रम निर्माणको कार्य अन्तिम चरणमा पुगेको जानकारी गराए ।


विश्वविद्यालय प्राज्ञिक समूहका सदस्य डा शम्भुराम सिंखडा समाज छलफल र बहसबाट अघि बढ्ने भए पनि सुरक्षा फौज भने निश्चित संरचना, अनुशासन र आदेशमा चल्ने सङ्गठन भएको पक्षलाई सबैले मनन गर्न आवश्यक रहेको बताए ।

परराष्ट्र मामिलाका जानकार विषयविज्ञ डा विश्वलनाथ पाण्डेले जेनजी आन्दोलनका क्रममा देशको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै अङ्ग घाइते भएकाबेला नेपाली सेनाको अनुभव, क्षमता, रणनीतिकज्ञान र सुझबुझपूर्ण कार्यले मुलुकमा नयाँ सरकार गठन भई चुनावी वातावरण बन्न पुगेको धारणा राखे ।

विषयविज्ञ डा पिताम्बर भण्डारीले राष्ट्रिय सुरक्षाजस्तो संवेदनशील विषयको अनुसन्धान र ज्ञान हासिल गर्ने प्रतिरक्षा विश्वविद्यालय सञ्चालन र अनुसन्धानमा आफ्नै बजेट र लगानी हुनुपर्नेमा जोड दिए । प्राज्ञिक उपसमितिका सदस्य प्रा डा मीनादेवी वैद्यले रणनीतिक नेतृत्व विकास तथा राष्ट्रिय सुरक्षा रणनीति निर्माणमा विश्वविद्यालयको भूमिकाका विषयमा धारणा प्रस्तुत गरे । प्रतिरक्षा विश्वविद्यालय आयोजना प्रमुख विनय राणाले नेपालको गौरवपूर्ण इतिहासलाई आधुनिकतासँग जोडेर लैजानुपर्ने धारणा राखे । प्राज्ञिक उपसमिति सदस्य पूर्वउपरथी तीन वटा सेमेस्टरमा हुने १५ वटा विषयवस्तुको ढाँचाबारे जानकारी गराए ।

काभ्रे बनेपा नगरपालिका–१३ र १४ मा आठ अर्ब ६३ करोड १० लाख रुपैयाँको लागतमा निर्माण भइरहेको विश्वविद्यालय आगामी साउनदेखि सञ्चालनमा ल्याउने जमर्क◌ाका साथ पाठ्यक्रम निर्माणको कार्य भइरहेको छ ।

# निधिद्वारा कलना र गिरिराज स्थानमा पूजाआजा



**मिश्री लाल मधुकर**
**जनकपुरधाम।**
पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसबाट प्रतिनिधि सभामा धनुषा–३ का उम्मेदवार बिमलेन्द्र निधिले मंगलबार कलना र फुलहर (गिरिजा स्थान) मा पूजा गरेका छन्।

उनको पुरुयौली गाउँ नगराइन, शभारत सीमाबाट केवल ३ किलोमिटर टाढा छ । बाल्यकालदेखि नै निधिले कलनाको महादेव मन्दिरमा पूजा गरेका थिए। उनले परमहंस बाबाको पनि दर्शन गरेका छन्। त्यसपछि उनले फुलहर गिरिजा स्थानको दर्शन गरेका छन् । आफ्नो व्यस्त राजनीतिक जीवनको बाबजुद पनि उनी पूजाका लागि कलना र फुलहरको भ्रमण गरिरहन्छन्।

रामायण कालका स्थलहरू कलना र फुलहरको सौन्दर्यीकरण र विकासको लागि उनले भारत सरकारसँग निरन्तर सम्पर्क राखेका छन।

फुलहरको बाग तडाग त्यो ठाउँ हो जहाँ भगवान राम र सीताको पहिलो भेट भएको थियो। उनले पिपरौनदेखि जटहीसँग फोर लेन सडकबारे छलफल गर्न भारतका भूपरिवहन मन्त्री नितिन जयराम गडकरीसँग भेट गरेका थिए।

ढल्केबरदेखि जटहीसम्मको ६ लेनको सडक र अयोध्यादेखि जनकपुरधामसम्मको भारत माला परियोजनामा पनि निधिले महत्वपूर्ण योगदान पु¥याएका छन् । निधिसँगै प्रदेश सांसद रामसरोज यादव र गणेश तिवारी लगायतधेरै कांग्रेस नेता सहभागी थिए।

# आचारसंहिता प्रभावकारी रूपमा पालना गर्नुपर्नेमा जोड

**महोत्तरी ।**
आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा निर्वाचन आयोगद्वारा जारी आचारसंहिता सबैले प्रभावकारी रूपमा पालना गर्नुपर्नेमा सरोकार भएकाहरूले जोड दिएका छन् । महोत्तरीका चारवटै प्रतिनिधिसभा क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयद्वारा आज संयुक्त रूपमा आयोजित सर्वपक्षीय बैठकमा सहभागीले निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिएका हुन् ।

'जिल्लाका चारवटै क्षेत्रमा राजनीतिक दलका प्रतिनिधि, स्थानीय प्रशासन, सुरक्षा निकाय र निर्वाचनसम्बद्ध अधिकारी सम्मिलित सर्वपक्षीय बैठक सम्पन्न भएको छ,' जिल्लाका मुख्य निर्वाचन अधिकृत माधवप्रसाद कोइरालाले भने, 'सबै पक्षबाट निर्वाचन आचारसंहिता पालना गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।'

चारवटै क्षेत्रमा मङ्गलबार हुने उम्मेदवारको मनोनयनपत्र दाखिला गर्न दलका लागि समय छुट्याइएको मुख्य निर्वाचन अधिकृत कोइरालाले जानकारी दिए ।

मनोनयनपत्र दर्ताका बेला भड्किला प्रचारप्रसारका सामग्री प्रयोग नगर्न, बाजागाजा नबजाउन, आआफ्नो पालोअनुसार मङ्गलबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म मनोनयन दाखिला गर्न सर्वपक्षीय सहमति भएको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

मनोनयन दर्ता कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृत कोइरालाले जानकारी दिए । 'मनोनयनपत्र दाखिलासँग सम्बन्धित सम्पूर्ण तयारी पूरा भएको छ,' जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले भने, 'चारवटै निर्वाचन क्षेत्रमा स्थापित निर्वाचन अधिकृतको कार्यालयमा खटिएको जनशक्ति पुगेको छ, सबै काम पूर्वनिर्धारित तालिकाअनुसार अघि बढ्नेछ ।'

मनोनयनपत्र दाखिला र त्यसपछिको निर्वाचन अभियानभरिका लागि समुचित सुरक्षा प्रबन्धको व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

स्थानीय प्रशासनले निर्वाचन आचारसंहिताको पालना र सुरक्षा प्रबन्धको पक्षलाई महत्वका साथ अघि बढाइएको उनले उल्लेख गरे ।

कुनै व्यक्ति, उम्मेदवार, दलविशेष वा निर्वाचनसम्बद्ध खटिएका जनशक्ति सबैले आचारसंहिताको परिपालना गर्नुपर्नेमा प्रजिअ यादवले जोड दिए । यसमा जुनसुकै पक्षबाट हुने उल्लङ्घन कारबाहीको भागिदारी हुने उनले स्पष्ट पार्नुभयो । मनोनयनपत्र दाखिला गरिने कार्यक्रमलाई उच्च सुरक्षा प्रबन्ध गरिएको उल्लेख गर्दै उनले जुनसुकै ठाउँमा थप जनशक्ति आवश्यक देखिनासाथ परिचालन गरिने जानकारी दिए ।

# वार्षिक प्रतिवेदन नबुझाएसम्म सहकारी खारेज नहुने

**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाले आफ्नो कार्यक्षेत्रमा सञ्चालनमा रहेको सहकारीलाई वार्षिक साधारणसभा प्रतिवेदन नबुझाएसम्म खारेजीको अनुमति नदिने जनाएको छ।

ती सहकारी संस्थालाई तत्काल वार्षिक साधारणसभा सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन साधारणसभाको निर्णय तथा वार्षिक प्रतिवेदन कामपा सहकारी विभागमा बुझाउन यस अघि निर्देशन दिइसकेको छ । कामपा सहकारी विभाग प्रमुख महेशकुमार काफ्लेका अनुसार लामो समयदेखि साधारणसभा प्रतिवेदन नबुझाएका सहकारीलाई खोरेजीको प्रक्रियामा लैजाँदा बचतकर्ताको रकम हिनामिना हुने भएकाले महानगरले पहिले प्रतिवेदन त्यसपछि मात्रै खारेजी प्रक्रिया अघि बढाउने भएको हो।

खारेजीको प्रक्रियामा आउने कुनैपनि सहकारीले सबैभन्दा पहिले उक्त सहकारीमा रकम बचत गर्ने बचतकर्ताको यकिन हुनुपर्ने, आर्थिक कारोबार पनि एकीन हुनुपर्ने जनाइएको छ । कामपाले दुई महिनाअघि नै सूचनामार्फत तोकिएको समयमा प्रतिवेदन पेस नगर्ने र साधारणसभा नगर्ने सहकारीलाई निष्क्रिय घोषणा गरी कानुनी कारबाही गरिने चेतावनीसमेत दिइसकेको छ । हाल कामपामा करिब एक हजार नौ सय सहकारी सञ्चालनमा छन्।

# विकासका काममा ढिलासुस्ती नगर्न मुख्यमन्त्रीको निर्देशन



**कर्णाली ।**
कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आसन्न फागुन २१ गते हुने निर्वाचनको वहानामा विकासका काममा ढिलासुस्ती नगर्न निर्देशन दिएका छन् । कर्णाली प्रदेश सरकारअन्तर्गत मन्त्रालयहरूको शुरु भएको अर्धवार्षिक समीक्षामा बोल्दै मुख्यमन्त्री कँडेलले निर्वाचन आचारसंहिताले नियमित काम गर्न नरोक्ने हुँदा निर्वाचन देखाएर विकास निर्माण र सेवा प्रवाह रोक्न नहुनेमा जोड दिए ।

उनले भने, 'हामीलाई वहाना चाहिएको छ । निर्वाचनको वहाना बनाएर विकासका काम रोकिनु हुँ◌ुदैन र सेवा प्रवाहमा ढिलासुस्ती स्वीकार्य हुँदैन ।'

उनले मन्त्रालय अन्तर्गतका कामको समय तालिका निर्माण गरिएको भए पनि तालिका अनुसार काम नभएकामा असन्तुष्टि व्यक्त गरे । निर्वाचन आचारसंहिताले नयाँ कामलाई रोके पनि नियमित वार्षिक नीति तथा कार्यक्रममा समावेश भई स्वीकृत भइसकेका योजना तथा कार्यक्रमको कार्यान्वयनमा कुनै अवरोध नहुने उनले प्रष्ट्याए ।

कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बजेट कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी समाधानतर्फ लाग्नुपर्ने बताए । समयमै खर्च र लक्ष्यअनुसार प्रगति हासिल गर्न मन्त्रालय तथा मातहतका कार्यालयबीच समन्वय आवश्यक रहेको उनको भनाइ थियो । जलस्रोत तथा ऊर्जा विकासमन्त्री विजया बुढाले ऊर्जा र जलस्रोत क्षेत्र कर्णालीको समग्र विकासको आधार भएको उल्लेख गर्दै योजनाको प्रभावकारी कार्यान्वयनमा मन्त्रालय प्रतिबद्ध रहेको बताए ।

कार्यक्रममा चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक प्रगति समीक्षा गर्दै आगामी कार्ययोजनाका विषयमासमेत छलफल गरिएको थियो । कार्यक्रममा प्रमुख सचिव वीरेन्द्रकुमार यादव, अर्थ सचिव, ऊर्जा सचिव तथा मन्त्रालयअन्तर्गतका १० जिल्लाका कार्यालय प्रमुखहरूको उपस्थिति रहेको थियो ।

# अमेरिकाबाट ९० नेपाली डिपोर्ट

**काठमाडौँ ।**
अमेरिकाबाट ९० जना नेपाली नागरिकलाई डिपोर्ट गरिएको अध्यागमन विभागले जनाएको छ ।

विभागका महानिर्देशक रामचन्द्र तिवारीले डिपोर्ट भएका ९० जना काठमाडौँ आइपुगिसकेको जानकारी दिए । अमेरिकाले चाटर्ड विमानमार्फत उनीहरुलाई काठमाडौँ ल्याएर छाडेको हो ।

विभागका महानिर्देशक तिवारीले यसरी अहिलेसम्म ४ सय भन्दाबढी नेपाली अमेरिकाबाट डिपोर्ट भइसकेका बताए ।

डिपोर्ट हुनेहरु कागजात नभेटिएका, गैरकानूनी बसेका, अध्यागमन कानून उल्लङ्घन गरेकालगायत रहेको विभागले जनाएको छ । उनीहरुमाथि अहिले प्रहरीको मानव बेचबिखन ब्युरोले अनुसन्धान गरिरहेको र बेचबिखनमा परेको भए उजुरी दिन ब्युरोले अनुरोध गरेको छ । आवश्यक अनुसन्धान पछि ब्युरोले परिवारको जिम्मा लगाउने जनाएको छ ।

# 'निजी क्षेत्रका एजेण्डालाई प्राथमिकता दिइयोस्'



**काठमाडौँ।**
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सबै राजनीतिक दललाई आफ्ना चुनावी घोषणापत्रमा अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रले अघि सारिरहेका एजेण्डालाई प्राथमिकता दिन आग्रह गरेका छन्।

नुवाकोटको विदुरमा आयोजित नुवाकोट महोत्सवको आज उद्घाटन गर्दै उनले मुलुक निर्वाचनमय भएको र सबै राजनीतिक दल यतिबेला चुनावी घोषणापत्र लेख्ने तयारीमा रहेकाले निजी क्षेत्रको प्राथमिकताका विषय समेट्न आग्रह गर्नुभएको हो।

उनले भने, 'मुलुकको अर्थतन्त्रको विकास सबै दलको साझा एजेण्डा बन्नुपर्छ र त्यसका लागि निजी क्षेत्रका एजेण्डालाई दलहरुले आफ्ना चुनावी घोषणापत्रमा प्राथमिकताका साथ राख्नुपर्छ।'

उनले देशमा जुनसुकै राजनीतिक दलको सरकार आए पनि अर्थतन्त्र सबैको साझा एजेण्डा बन्नुपर्ने र निजी क्षेत्रसँगको सहकार्यलाई सबैले आत्मसात् गर्नुपर्नेमा जोड दिए।

# १२१ किलो चरेससहित दुईजना पक्राउ

**मकवानपुर।**
थाहा नगरपालिका–१० स्थित टौखेलबाट मार्खु जाँदै गरेको वाप्र ०३००१ह १५०७ नम्बरको अटोबाट १ सय २१ किलो ४ सय ६६ मिलिग्राम चरेससहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

लागुऔषध ओसारपसारमा संलग्न भएको अभियोगमा मकवानपुरको कैलाश गाउँपालिका–५ बस्ने वर्ष २१ का सानुकान्छा थिङ र अटो चालक थाहानगरपालिका–४ का २९ वर्षीय घनश्याम बल लामालाई प्रहरीको विशेष टोलीले अटोसहित नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक पुस्कर बोगटीले जानकारी दिए।




प्रहरी प्रवक्ता बोगटीका अनुसार पालुङ र चित्लाङबाट खटिएको संयुक्त टोलीले अटोभित्र रहेको १२ वटा रबरको डिब्बाभित्र लुकाई ल्याएको चरेस फेला पारेको हो।

# माधव नेपालको उम्मेदवारी विरुद्ध उजुरीलाई दरपिट

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली कम्युनिष्ट पार्टीका सह संयोजक तथा पूर्वप्रधानमन्त्री माधव नेपालको उम्मेदवारीविरुद्ध रौतहट निर्वाचन कार्यालयमा परेको उजुरीलाई दरपिट गरिएको छ । रौतहट क्षेत्र नम्बर–१ बाट उम्मेदवारी दिएका नेता नेपालको उम्मेदवारी खारेजीको माग गर्दै सोही क्षेत्रका स्वतन्त्र उम्मेदवार रामनरेश राय यादवले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गराउन खोजेका थिए ।
मुख्य निर्वाचन अधिकृत मनोज केसीका अनुसार उजुरी लिएर आएका यादवले नेता नेपालमाथि भ्रष्टाचार मुद्दा विचाराधीन रहेको आधारमा उम्मेदवारी खारेज गर्न माग गरेका थिए ।
तर, संविधान र कानुनअनुसार कुनै पनि व्यक्ति दोषी प्रमाणित नभएसम्म उम्मेदवारी खारेज गर्न नमिल्ने भएकाले उक्त उजुरी दर्ता नगरी दरपिट आदेश दिइएको उनले जानकारी दिए ।

# २० थान डबलबेड हस्तान्तरण




**मधेशदृष्टि**
**वीरगंज ।**
गौतम समाज कल्याण संस्था तथा गौतम सेकेन्ड्री स्कूल, श्रीपुर वीरगंज–१३, पर्साको पहलमा सामाजिक उत्तरदायित्व अन्तर्गत २० थान डबल बेड हस्तान्तरण गरिएको छ ।
गौतम समाज कल्याण संस्थाका अध्यक्ष गनेश क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न सामाजिक संस्थालाई डबल बेड प्रदान गरिएको हो ।
हस्तान्तरण कार्यक्रममा यतीमखाना दारूल यतामा इस्लामिया, छपकैया–२, वीरगंज महानगरपालिकालाई १५ थान डबल बेड प्रदान गरिएको छ भने वीरगंज बिर्तास्थित त्रीजुद्द स्कुलमा आवासीय रूपमा बसोबास गर्ने दृष्टिविहीन बालबालिकाहरूका लागि ५ थान डबल बेड हस्तान्तरण गरिएको छ ।

# हातहतियार बुझाउन जिप्रका पर्साको आग्रह



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय पर्साले इजाजत प्राप्त हातहतियार बुझाउन सर्वसाधारणलाई आग्रह गरेको छ । व्यक्तिगत सुरक्षाका लागि स्थानीय प्रशासनबाट अनुमति लिएर राखिएका सबै प्रकारका हातहतियार तोकिएको समयभित्र प्रहरीलाई बुझाउन अनुरोध गरिएको सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलले जानकारी दिए । उनका अनुसार प्रशासनले माघ २० गतेभित्र जिल्ला प्रहरी कार्यालय पर्सा वा नजिकैको प्रहरी कार्यालयमा हातहतियार तथा खरखजाना बुझाउन अपील गरेको छ । निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तथा विश्वसनीय वातावरणमा सम्पन्न गराउने उद्देश्यले सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै यस्तो निर्णय गरिएको प्रशासनले जनाएको छ ।
प्रशासनका अनुसार बुझाइएका हातहतियारहरू आगामी चैत २० गतेपछि सम्बन्धित हतियार धनीलाई फिर्ता गरिनेछ । निर्धारित समयभित्र हातहतियार नबुझाएमा वा प्रशासनको निर्देशन अटेर गरेमा कानुनबमोजिम कडा कारबाही गरिने चेतावनी पनि जिल्ला प्रशासन कार्यालय पर्साले दिएको छ ।

# सिरहामा १३९ जनाको उम्मेदवारी

**सिरहा ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिरहा जिल्लाका चार निर्वाचन क्षेत्रमा गरी कूल १३९ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।
मङ्गलबार निर्वाचन अधिकृतको कार्यालयमा पुगेर विभिन्न राजनीतिक दलका ६५ र स्वतन्त्र ७४ उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका हुन् ।
जिल्ला निर्वाचन अधिकारी राजन श्रीवास्तवका अनुसार, निर्वाचन क्षेत्र नं १ मा १८ स्वतन्त्रसहित ३२, क्षेत्र नं २ मा १५ स्वतन्त्रसहित २९, क्षेत्र नं ३ मा १८ स्वतन्त्रसहित ४१ तथा क्षेत्र नं ४ मा २३ स्वतन्त्रसहित ३७ जनाले उम्मेदवारी दिएका हुन् ।
क्षेत्र नं १ मा बब्लु गुप्ताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट, नेपाली कम्युनिष्ट पार्टीबाट रामचन्द्र यादवलगायतले मनोनयन दर्ता गराएका छन् ।
क्षेत्र नं ३ मा नेकपा (एमाले)बाट लिलानाथ श्रेष्ठ र नेपाली कम्युनिष्ट पार्टीबाट विश्वनाथ साहलगायतले उम्मेदवारी दर्ता गराएका हुन् ।
क्षेत्र नं ४ मा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट राजकिशोर यादव, जनमत पार्टीबाट वीरेन्द्रप्रसाद महतो, नेपाली कम्युनिष्ट पार्टीबाट अजयशङ्कर नायक, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट धर्मनाथ साह, बहुजनशक्ति पार्टीबाट विश्वेन्द्र पासवानलगायतले उम्मेदवारी गर्दा गराएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । रासस

# नक्कली नोटबाट बचाउन सचेतना अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
जाली तथा नक्कली नोटको ठगीबाट नागरिकलाई बचाउन वीरगंजमा सचेतना अभियान सुरु गरिएको छ । पछिल्लो समय बजार, यातायात र खुद्रा कारोबारमा नक्कली नोटको जोखिम बढ्दै गएपछि नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाल सरकारको संयुक्त सहकार्यमा अभियान थालिएको हो ।
अभियान अन्तर्गत सक्कली नोट कसरी पहिचान गर्ने भन्ने जानकारी समेटिएका सचेतनामूलक ब्यानर बैंक, बजार क्षेत्र, भीडभाड हुने सार्वजनिक स्थान र प्रमुख चोकहरूमा राख्न थालिएको छ ।
नेपाल राष्ट्र बैंक वीरगंज कार्यालयका निर्देशक सुशील पौडेल र सहायक निर्देशक सन्देश ठाकुरले जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक सुदिपराज पाठकलाई ब्यानर हस्तान्तरण गर्दै अभियानको शुभारम्भ गरेका हुन् ।
निर्देशक पौडेलले नक्कली नोटसम्बन्धी ठगीका घटनाले सर्वसाधारण मात्र नभई व्यापारी र सेवाग्राहीसमेत प्रभावित हुन थालेपछि सचेतना अभियान आवश्यक भएको बताए । उनले नागरिकले दैनिक कारोबारमा नोटको सुरक्षा चिन्ह जाँच गर्ने बानी बसाल्नुपर्नेमा जोड दिए ।

# चोरीका सवारीसहित तीनजना पक्राउ




**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले चोरीका दुई वटा मोटरसाइकल र एक वटा स्कुटरसहित तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा वीरगंज–१३ श्रीपुरका १९ वर्षीय साहिल कुमार रौनियार, १९ वर्षीय श्यामबाबु ठाकुर तथा भारत बिहार राज्य पूर्वी चम्पारण, सुगौली घर भई हाल वीरगंज–१३ बस्ने १९ वर्षीय रोशन कुमार गुप्ता रहेका छन् ।
प्रहरीका अनुसार माघ ५ गते बेलुका करिब साढे आठ बजे वीरगंज महानगरपालिका वडा नम्बर १३ राधेमाई क्षेत्रमा गस्तीमा खटिएको वडा प्रहरी कार्यालय श्रीपुरको टोलीले एक युवकलाई शंकास्पद रूपमा मोटरसाइकल डो¥याइरहेको अवस्थामा रोकेको थियो ।
जाँचका क्रममा मोटरसाइकलमा पछाडिको नम्बर प्लेट नरहेको, साँचो नभएको र तार काटिएको अवस्थामा फेला परेको थियो । सोधपुछ गर्दा उक्त मोटरसाइकल पाँच दिनअघि वीरगंज–१३ स्थित दृष्टी आँखा अस्पताल क्षेत्रबाट चोरी गरिएको खुल्न आएको प्रहरीले जनाएको छ ।
अनुसन्धानका क्रममा अर्को नम्बर प्लेट नभएको मोटरसाइकल र एक वटा स्कुटर समेत वीरगंज–१३ श्रीपुरस्थित एक कोठाबाट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी दिएको छ । पक्राउ परेकाहरूविरुद्ध चोरी तथा डाँका सम्बन्धी कसूरमा पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी हरि बहादुर बस्नेतले जानकारी दिए ।

# प्रतिनिधिसभा निर्वाचनः मनोनयनमा उत्साह




**महोत्तरी ।**
प्रतिनिधिसभा निर्वाचनलाई लिएर महोत्तरीका मतदातामा उत्साह छाएको छ । राजनीतिक दलका स्थानीय नेता तथा कार्यकर्तामात्र होइन, मताधिकार नपाएकाहरू पनि चुनावको चर्चामा लागेका छन् । यो चर्चा चिया पसलदेखि हाटबजारसम्म फैलिएको छ ।
मङ्गलबार उम्मेदवारको मनोनयनपत्र दर्तासँगै आम जनमानसमा चुनावी चर्चा चलेको हो । महोत्तरीका चार प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा १४३ जनाले मनोनयनपत्र दर्ता गराएपछि जिल्लामा चुनावको वातावरण बनेको छ ।
मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारीका अनुसार क्षेत्र नं १ मा २७, महोत्तरी–२ मा ३७, महोत्तरी–३ मा ४२ र महोत्तरी–४ मा ३७ जनाले उम्मेदवारी दर्ता गराएका जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।
जिल्लाभरिमा १३ जना महिला उम्मेदवारको मनोनयनपत्र दर्ता भएको छ । जसमा क्षेत्र नं १ मा चार, २ मा पाँच, ३ मा दुई र ४ मा दुई जना छन् ।
चारवटै निर्वाचन क्षेत्रमा शान्तिपूर्वक उत्साहजनक मनोनयनपत्र दर्ता कार्यक्रम सम्पन्न भएको जिल्लाका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।
यसअघि मनोनयनपत्र दर्ता कार्यक्रमअघि गत सोमबार चारवटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतको कार्यालयमा सम्पन्न सर्वपक्षीय बैठकले निर्वाचन आचारसंहिताको सबै पक्षबाट पूर्ण परिपालनाको प्रतिबद्धता जनाएको थियो, निर्वाचनका लागि उच्चतम सुरक्षा प्रबन्ध मिलाइएको प्रमुख जिल्ला अधिकारी यादवको भनाइ छ ।
महोत्तरीमा यसपालिको निर्वाचनका लागि चार लाख ३१ हजार २५२ मतदाता छन् । जसमा दुई लाख ३५ हजार १८३ पुरुष, एक लाख ९६ हजार ९७ महिला र अन्य दुई रहेका जिल्ला निर्वाचन कार्यालयले यसअघि नै जनाइ सकेको छ । रासस

# राजनीति कार्यक्रममा सरकारी सवारी प्रयोग नगर्न आग्रह

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रशासन कार्यालय रौतहटले राजनीतिक कार्यक्रममा सरकारीसवारी साधनको प्रयोग नगर्न नगराउन आग्रह गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवले एक सूचना जारी गर्दै राजनीतिक कार्यक्रममा सरकारी सवारी साधन प्रयोग नगर्न आग्रह गरेका हुन् ।
साथै उनले प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को प्रक्रिया चरणबद्ध रुपमा अगाडि बढी रहेको सन्दर्भमा जिल्लाभित्र शान्ति, सुरक्षा कायम राख्न क्रियाशील राजनीतिक दल तथा दल निकट भातृ सङ्गठनहरुबाट हुने राजनीतिक सभा, सम्मेलन लगायतका कार्यक्रम आयोजना गर्दा जिल्ला प्रशासन कार्यालय रौतहटलाइ जानकारी गराई अनुमति लिई मात्र कार्यक्रम सञ्चालन गर्न अनुरोध गरेका हुन् ।



## सम्पादकीय

# मधेशमा 'दलबदलु' र 'कस्मेटिक अनुहार'को आगमन के का लागि ?

मधेशको राजनीति सधैँ स्थानीय अनुहार, पहिचान र पीडाको नाममा चलाइँदै आएको छ । तर पछिल्लो समय काठमाडौँ केन्द्रित नेताहरू—नेपाली कांग्रेसका सभापति गगन थापा र नेकपाका नेता नारायणकाजी श्रेष्ठ—मधेश झर्नुलाई सामान्य भ्रमण मात्र मान्न सकिँदैन । यो मधेशका हेभिवेट नेताहरूले वर्षौंदेखि बनाएको सत्ताको घेराबन्दीमाथि चुनौती हो कि, फेरि एकपटक मधेशलाई प्रयोग गर्ने नयाँ रणनीति—यो प्रश्न स्वाभाविक रूपमा उठ्छ । मधेशका नाममा राजनीति गर्ने धेरै नेताहरू आफैँ सत्ताको वरिपरि घुमिरहँदा जनताको सवाल ओझेलमा परेको यथार्थ छ । त्यही रिक्तता देखेर केन्द्रका नेताहरू 'रिफर्म', 'सुशासन' र 'नयाँ विकल्प'को भाषासहित मधेश प्रवेश गरिरहेका छन् ।

गगन थापाको उपस्थितिले कांग्रेसभित्रको मधेशी नेतृत्वलाई दबाबमा पारेको छ भने नारायणकाजीको सक्रियताले साविकको माओवादीको पुरानो संगठनात्मक कमजोरी छोप्ने प्रयास झल्किन्छ । तर प्रश्न यही हो कि यी उपस्थिति दीर्घकालीन राजनीतिक एजेन्डासहित आएका हुन् कि, चुनावी मौसमको रणनीतिक अवतरण मात्र ? रास्वपाले काठमाडौँका तत्कालीन मेयर बालेन शाहलाई मधेश उतारेर मत बटुल्न खोजेझैँ अभ्यास दोहोरिन लागेको हो कि भन्ने शंका पनि निराधार छैन । 'कस्मेटिक अनुहार' र 'सेन्ट्रल सेलिब्रिटी'को भरमा मधेशको मत जित्न सकिन्छ भन्ने सोच स्वयम् मधेशी जनतालाई कमजोर आकलन गर्नु हो । मधेश अब २०–२५ वर्षअघिको राजनीतिक चेतनामा छैन । यहाँका मतदाताले नाराभन्दा व्यवहार, उपस्थितिभन्दा प्रतिबद्धता र भाषणभन्दा नीति खोज्न थालेका छन् ।

यसर्थ, मधेशी जनता अझै नबुझ्ने हुन् कि भन्ने प्रश्नको उत्तर सम्भवतः 'होइन' हो । तर खतरा त्यहाँ छ कि यदि मधेशका आफ्नै नेताहरू जनतासँगको भरोसा गुमाइरहे भने बाहिरबाट आएका अनुहारलाई 'कम खराब विकल्प' ठान्ने मनोविज्ञान बलियो हुन सक्छ । चुनौती केवल केन्द्रका नेताहरूको प्रवेश होइन, मधेशी नेतृत्वको विश्वसनीयता संकट हो । अन्ततः, मधेश कुनै प्रयोगशाला होइन जहाँ काठमाडौँका नेताहरूले आफ्नो राजनीतिक प्रयोग गर्न सकून् । यहाँको राजनीति अब अनुहार होइन, एजेन्डा र इमानदारीले तय गर्ने समय आइसकेको छ । जसले मधेशलाई बुझ्छ, मधेशमै बसेर राजनीति गर्छ र मधेशका पीडालाई सत्ता होइन, समाधानसँग जोड्छ, मधेशले अन्ततः उसैलाई स्वीकार गर्नेछ ।

# हुम्लाको विकास सूचक र भविष्य



डा दीपेन्द्र रोकाया

प्रचुर प्राकृतिक सम्पदा भएको तर राज्यको उपेक्षा र पहुँचको अभावले विकासको सम्भावनालाई थिचिराखेको हिमाली जिल्ला हो हुम्ला । तर सन् २००१, २०११ र २०२१ का प्रमुख सामाजिक–आर्थिक सूचकहरूले हुम्ला पछिल्ला दुई दशकमा क्रमिक रुपमा रूपान्तरण भइरहेको देखिन्छ । शिक्षा, स्वास्थ्य, जनसाङ्ख्यिकी र आधारभूत पूर्वाधारमा देखिएको सुधारले त्यो सम्भावना देखाएको हो । यसलाई निर्णायक तहमा पु¥याउन इच्छाशक्तिका साथ सङ्कल्पित नेतृत्वको खाँचो छ । जनसंख्या र सामाजिक संरचनाको बदलिँदो चित्र २००१ मा करिब ४० हजार जनसंख्या रहेको हुम्लामा २०२१ मा ५५ हजार नाघिसकेको छ । जनघनत्व ७.२ बाट करिब १० व्यक्ति प्रतिवर्ग किलोमिटर पुगेको छ, जुन उच्च हिमाली जिल्लाका लागि उल्लेखनीय हो । पुरुष–महिला अनुपात १००ः९६ बाट १००ः९९ मा पुग्नु सामाजिक सन्तुलनतर्फको प्रगतिशील संकेत हो । सत्ताइस गाउँ विकास समितिको संरचनाबाट सात गाउँपालिकामा रूपान्तरणसँगै स्थानीय लोकतन्त्र संस्थागत भएको छ । यसले विकास योजनाको स्वामित्व समुदायमै बढाएको छ । सङ्घ र प्रदेशसँग कतिपय विषयमा सङ्घर्ष गर्नैपर्ने अवस्था रहे पनि हुम्लाका स्थानीय तहले सङ्घीयताको लाभ उठाएर आफ्नो भाग्य आफैँले लेख्ने अवस्थामा पुगेका छन् ।

**शिक्षाको उज्यालो**

भविष्यको मेरुदण्ड शिक्षा हो । सन् २००१ मा ३५–४० प्रतिशत वरिपरि रहेको साक्षरता दर सन् २०११ मा ५१ प्रतिशत र सन् २०२१–२५ मा ९६ प्रतिशत नजिक पुगेको छ । हुम्ला साक्षर जिल्ला घोषणा भइसकेको छ । महिला साक्षरता २० प्रतिशतभन्दा कमबाट ९० प्रतिशत माथि पुग्नु सामाजिक क्रान्तिकै सङ्केत हो । शैक्षिक संख्या ६०–७० बाट आज १७२ छन् । यसमा आधारभूत तह (१–५) ८५, आधारभूत तह (१–८) २२, माध्यमिक तह (९–१०) १७, माध्यमिक तह (९–१२) १२, क्याम्पस तीन, सामुदायिक सिकाइ केन्द्र २४, संस्थागत विद्यालय ८ र धार्मिक एक वटा रहेका छन् । एक सय ५२ वटा बालविकास केन्द्र आधारभूत विद्यालयमै रहेका छन् । शिक्षकको स्थायित्व अझै चुनौती भए पनि शिक्षामा आएको सुधारले आगामी दशकमा स्थानीय जनशक्ति उत्पादनको आधार तयार भएको छ ।

उच्च शिक्षाका लागि बाहिरी निर्भरता घटाउने रणनीति सम्भव हुँदै गएको छ । यसलाई दक्ष र प्राविधिक जनशक्तिमा रुपान्तरण गर्नुपर्छ । स्वास्थ्यको पहुँच हुम्ली जनताको आयु ५४ वर्षबाट ६७–६९ वर्षमा पुग्नु स्वास्थ्य क्षेत्रमा भएको सुधारको ठोस प्रमाण हो । १५ शय्या भने पनि अहिले २५ शय्याको जिल्ला अस्पताल सञ्चालन छ । प्रदेशले एमविविएस डाक्टर उपलब्ध गराएर खार्पुनाथ, सर्केगाड र अदानचुलीमा आधारभूत अस्पताल निर्माण भइहेको छ । जिल्लामा २६ स्वास्थ्यचौकी र ३३ वटा सामुदायिक स्वास्थ्य केन्द्र छन् । खोपको पहुँचमा स्थिर सुधार, शिशु मृत्यु दर ८०–९० बाट ३५–४० मा झर्नु पनि उपलब्धि मान्नुपर्छ । दक्ष प्रसूति सेवा ६० प्रतिशत नजिक पुग्दा मातृ र शिशु स्वास्थ्यमा सुधार भएको छ । यद्यपि, कुपोषण (करिब ३० प्रतिशत), आकस्मिक सेवाको पहुँच र पहाडी भूगोलका अवरोध अझै चुनौती छन् । यसको समाधानका लागि स्थानीय पोषण कार्यक्रम, मातृ–शिशु केन्द्रित सेवा, हेलिकप्टर–टेलिमेडिसिन जस्ता नवप्रविधिको विस्तार गर्नुपर्छ । आवश्यकतामा घुम्ती शिविर पनि सञ्चालन गर्नुपर्छ ।

बहुआयामिक अर्थतन्त्र सन् २००१ मा ४–६ महिना खाद्यान्न अभाव भोग्ने हुम्ला सन् २०२१ मा २–४ महिनामा झरेको छ । गरिबीको दर ६० प्रतिशतबाट लगभग ३५ प्रतिशतमा झरेको छ । कृषि र पशुपालनमा आधारित अर्थतन्त्र क्रमशः व्यापार र पर्यटनतर्फ उन्मुख छ । प्रवासी रोजगारी मध्यम रूपमा बढेको छ । वार्षिक आय सुधारोन्मुख छ । स्थानीय उत्पादन (जडीबुटी, उच्च हिमाली कृषि, सीमा व्यापार र जिम्मेवार पर्यटन) लाई मूल्य श्रृंखलामा जोड्न सके हुम्लाको आर्थिक भाग्य गुणात्मक रूपमा फेरिन सक्ने देखिएको छ । पूर्वाधारको विस्तार हिजो सडक पहुँच शून्य थियो । कर्णाली करिडोरको ट्र्याक यसै वर्ष खुल्यो । यो सडकबाट सबै पालिका केन्द्र जोडेर चीनको सीमा क्षेत्र हिल्सासम्म पुग्न सकिने भएको छ । यो भविष्यको अर्थतन्त्रको मेरुदण्ड हो । कर्णाली करिडोरका साथै लिमीदेखि रारासम्मको हिमाली पर्या–पर्यटकीय सडकलाई स्तरोन्तिमा जोड दिनुपर्छ । सबै गाउँ जोड्ने सडकका ट्र्याक खुल्ने क्रम जारी छ, त्यो कार्य यथासक्य छिटो पूरा गराई दिगो र स्तरीय बनाउन पहल गर्नुपर्छ । हवाई सेवा आज पनि जीवनरेखा बनेको छ । कर्णाली एअर सञ्चालनमा प्रोत्साहन गर्नुपर्छ ।

विद्युत् पहुँच पाँच प्रतिशतभन्दा कमबाट ४० प्रतिशतभन्दा बढीसम्म पुगेको छ । नाम्खा गाउँपालिकाको याल्वाङ, सिमकोट गाउँपालिकाको धारापोरी र खार्पुनाथ गाउँपालिकाको छिप्रामा निर्माण हुने हुम्ला कर्नाली क्यास्केड जलविद्युत् आयोजनाले ६८१ दशमलव दुई मेगावाट विद्युत् उत्पादन गर्ने भएको छ । यस्तै खार्पुनाथको लाली औलदेखि सर्केगाडको दुल्ली कुनामा निर्माण हुने जलविद्युत् आयोजना ३३५ मेगावाट विद्युत् उत्पादन हुने भएको छ । एवम् प्रकारले तुम्कोट, लोती, कवाडी, ह्याक्पा खोला, तल्छरीलगायतका जलविद्युत् आयोजनाले स्थानीय सम्भावना र उज्यालो भविष्य देखाइरहेका छन् । सुरक्षित खानेपानी ७० प्रतिशत पुगेको छ । मोबाइल र ४ जी पहुँच विस्तार हुँदैछ । यी सबैले शिक्षा, स्वास्थ्य र बजारको पहुँचलाई जोड्दै हुम्लालाई अलगावबाट केन्द्र र प्रदेशमा जोडिएको जिल्लामा रूपान्तरण गरिरहेका छन् । यसमा थप पहलकदमी लिन आवश्यक छ । समानता र गुणस्तरीय जीवन दलित र स्थानीय पहिचान नपाएका आदिवासी समुदायको शिक्षामा उल्लेख्य सुधार, लैङ्गिक असमानतामा क्रमिक सुधार देखिँदै गएको छ तर स्वास्थ्य–पोषण असमानता, बाल–महिला श्रमजस्ता मुद्दा अझै विद्यमान छन् । लक्षित सामाजिक संरक्षण, छात्रवृत्ति, पोषण–केन्द्रित हस्तक्षेप र महिलामैत्री रोजगारी कार्यक्रमले यी खाडलहरू भरिन सक्छन् ।

**भविष्यको रोडम्याप**

पञ्चायतकालमा प्रशासनिक विस्तार, प्राथमिक शिक्षा र आधारभूत स्वास्थ्य चौकीसम्म सीमित हुम्ला आज पूर्ण स्थानीय लोकतन्त्र, ९६ प्रतिशत साक्षरता, अस्पताल, मोबाइल–इन्टरनेट र आंशिक सडक पुगेको छ ।

निरन्तर राज्यको उपस्थिति र स्थानीय समुदायको अपनत्वले दिगो विकास र प्रगति सम्भव हुन्छ । यसका लागि क्षेत्रगत नीति र प्राथमिकता दिन सक्नुपर्छ । हुम्लाको दिगो विकासका लागि आगामी १०–१५ वर्ष निर्णायक हुनेछन् । विगत दुई दशकमा शिक्षा, स्वास्थ्य र सामाजिक सूचकमा देखिएको सुधारलाई संस्थागत गर्दै संरचनात्मक अवरोध हटाउने नीतिगत सुधार अब अपरिहार्य छ । यसका लागि क्षेत्रगत रूपमा स्पष्ट प्राथमिकता निर्धारण गरी समन्वित नीति कार्यान्वयन गर्न आवश्यक छ । शिक्षा क्षेत्रमा, अबको मुख्य नीति प्राथमिकता आधारभूत साक्षरताबाट गुणस्तरीय र प्राविधिक शिक्षातर्फ रूपान्तरण हुनु पर्दछ । हुम्लामा स्थानीय क्याम्पस स्थापना,

डिजिटल उच्च शिक्षाको विस्तार र आवासीय विद्यालयको विकासमा जोड दिनुपर्छ । शिक्षकको स्थायित्व सुनिश्चित गर्न दुर्गम सेवा प्रोत्साहन, आमा शिक्षादेखि उच्च शिक्षासम्मको पाठ्यक्रममा पुनरावलोकन र दक्ष शिक्षक उत्पादन नीति लागू गर्नुपर्छ । शिक्षालाई स्थानीय अर्थतन्त्रसँग जोड्न प्राविधिक, कृषि र पर्यटन–केन्द्रित पाठ्यक्रम विकास गर्नुपर्ने देखिएको छ ।

स्वास्थ्य क्षेत्रमा पहुँचमुखी सुधारभन्दा प्रणालीगत मजबुती आवश्यक छ । आकस्मिक सेवा नेटवर्क विस्तार र हवाई उद्धारलाई स्वास्थ्य प्रणालीको अङ्गका रूपमा संस्थागत गर्नुपर्छ । कुपोषण न्यूनीकरणका लागि गर्भवती, सुत्केरी र बालबालिकामै केन्द्रित पोषण कार्यक्रम लागू गर्नुपर्छ । टेलिमेडिसिन र मोबाइल स्वास्थ्य सेवाले दुर्गम बस्तीको पहुँच समस्या समाधान गर्न सक्नुपर्छ ।

पूर्वाधार विकासमा, सडकलाई मात्र विकासको सूचक मान्ने पुरानो सोच परित्याग गर्नुपर्छ । सडक पूर्णतासँगै सस्तो र दिगो ऊर्जा, स्थानीय जलविद्युत्, सौर्य प्रणाली र भरपर्दो इन्टरनेट पहुँच बढाउने नीति लिनुपर्छ । जलविद्युत्को विकास भयो भने सीधा सडक निर्माणका लागि पहाड छेडेर सुरुङ मार्ग निर्माण, केवलकार र पोडवे सेवा सञ्चालनमा ल्याउनुपर्छ । यी पूर्वाधारले शिक्षा, स्वास्थ्य र बजारलाई एकसाथ जोड्ने काम गर्नेछन् । अर्थतन्त्रको सन्दर्भमा हुम्लाको प्राकृतिक र सांस्कृतिक सम्पदालाई मूल्य श्रृंखलामा जोड्ने नीति लिनुपर्छ । जडीबुटी, उच्च हिमाली कृषि, पशुपालन र जिम्मेवार पर्यटनलाई स्थानीय उद्यमसँग जोडेर रोजगारी सिर्जना गर्नुपर्छ । सहकारी, लघुवित्त र उद्यमशीलता प्रवद्र्धन नीति प्रभावकारी बनाइनुपर्छ । हिमाली क्षेत्र विकास प्राधिकरण बनाएर अघि बढ्ने नीति अख्तियार गर्नुपर्छ । समानता र सामाजिक सुरक्षा क्षेत्रमा, लक्षित कार्यक्रममार्फत दलित, महिला र युवालाई उत्पादनशील रोजगारीमा जोड्नुपर्छ । सामाजिक सुरक्षा योजनालाई राहत होइन, आत्मनिर्भरता निर्माणतर्फ उन्मुख गर्नुपर्छ । समग्रमा हुम्लाको भविष्य परियोजना–केन्द्रित गर्नुका साथै नीति केन्द्रित विकासमा जोड्नुपर्छ ।

सन् २००१–२०२१ का तथ्याङ्कहरूले हुम्लालाई 'सधैँ पिछडिएको' कथाबाट मुक्त गराउन खोजेका छन् । शिक्षा र साक्षरतामा संख्यात्मक प्रगति, स्वास्थ्यमा आयु बढ्नु, खाद्य सुरक्षामा सुधार देखिनुले भविष्यप्रति विश्वास जगाएको छ । बल्ल कर्नाली करिडोर खुल्यो, प्रसारण लाइन जोड्ने र अप्टिकल फाइवर बिच्छयाउने योजना अगाडि बढेको छ । हुम्लाको भाग्य अब दयामा होइन, तथ्य, नीतिगत स्पष्टता र समुदायको सामूहिक इच्छाशक्तिमा निर्भर छ र यही इच्छाशक्ति नै उज्यालो भविष्यको ग्यारेन्टी हो । यसैले स्थानीय मनलाई प्राकृतिक स्रोतसँग लगानीमैत्री वातावरण निर्माण गर्न पर्नेछ । यसका लागि समय आइसकेको छ । दीर्घकालीन सोच, स्थानीय स्वामित्व र तथ्यमा आधारित नीतिगत सुधारले मात्र हुम्लालाई दिगो समृद्धिको मार्गमा अघि बढाउन सकिन्छ । रासस

# लोप हुँदै सुदूरपश्चिमका लोककथा

राजेन्द्रप्रसाद पनेरु/रासस

हिउँदका कठ्याङ्ग्रिँदा चिसा रात, सुदूरपश्चिमका पहाडी गाउँबस्तीहरूमा एउटा छुट्टै रौनक र आत्मीय सुगन्ध लिएर आउँथ्यो । जब गाउँमा 'साँझ, पर्दथ्यो, अर्थात् सन्ध्याकालको छायाँ छिप्पिँदै जान्थ्यो, घर–घरका अगेनामा धुवाउँदै आगो बालिन्थ्यो ।

घरका महिलाहरु छिटोछिटो खाना बनाउने कार्यमा खटिन्थे । खाना खाएपछि आगोको न्यानो "आँच नजिक ज्येष्ठ नागरिकहरू बस्दथे । उहाँहरूलाई वरिपरि नाति–नातिनीहरूले एउटा अटुट घेरामा बेर्दथे । ती अबोध आँखा र जिज्ञासु मनहरूको एउटै मधुर आग्रह हुन्थ्यो, 'हजुरबुबा, आज एउटा कथा हालिदिनुस्, वा 'हजुरआमा, आज कुनै डर लाग्ने वा अचम्मको कहानी सुनाउनुस् ।'

त्यसपछि शुरु हुन्थ्यो लोककथा हाल्ने एउटा यस्तो अटुट सिलसिला, जसले रातको सन्नाटालाई मात्र चिर्दैनथ्यो, बरु सुन्नेहरूको मानसपटलमा एउटा नयाँ संसारको सृष्टि गरिदिन्थ्यो । कथा वाचन गर्ने ती ज्येष्ठ नागरिकहरू आफ्नो बोलीको लय मिलाउँदै, कहिले पात्रसँगै आफूलाई जोडेर भावुक बन्थे भने कहिले आँखाबाट आँसु झार्दै कथाको गहिराइ र पात्रको पीडालाई महसुस गराउँथे ।

कथाको बीच–बीचमा कथाको प्रसङ्गमै रहेर भावुक 'देउडा' वा 'झ्याउरे' का टुक्राहरू हालेर भाव व्यक्त गर्दथे भने कहिले कौतुहलता जाग्ने गरी कथा भन्ने गर्दथे, जसबाट केटाकेटीहरू कहिले डरले आँखा चिम्लिन्थे त कहिले 'कुन्नि अब के हुन्छ' के हुने हो भन्दै कथाको काल्पनिक सागरमा पौडिन्थे ।

'ती कुराहरुलाई झलझल्ती सम्झिदा पुराना बालापनका दिनहरु फिर्ता भैदिए झैं लाग्छ,' श्रीकृष्ण माध्यमिक विद्यालयका शिक्षक वीरेन्द्रविक्रम सिंह भन्नुहुन्छ, 'समय बदलिँदै जाँदा ती बालापनका यादहरु सम्झनामा मात्र सीमित गरिदिएको छ, अगेनाको आगो विस्तारै निभेझैँ गरी सुदूरपश्चिमका ती अनमोल लोककथाहरू पनि धुवाँझैँ हराउँदै गएका छन् ।' डोटी, अछाम, बैतडी, डडेल्धुरा, दार्चुला, बाजुरा, बझाङ, कैलाली र कञ्चनपुर क्षेत्रमा बोलिने डोटेली र थारु भाषाहरूमा कथा 'हाल्ने' मौलिक परम्परा थियो । 'यी कथाहरू कुनै आधुनिक पुस्तकालयका किताबमा अक्षरका रूपमा कोरिएका थिएनन्,' शिक्षक सिंह भन्नुहुन्छ, 'बरु 'बाजे–बज्यै'बाट 'नाति–नातिनी'सम्म मुखैमुख सर्दै आएका अलिखित इतिहास थिए ।' उहाँका अनुसार सुदूरपश्चिमका लोककथाहरू विभिन्न धारामा फैलिएका छन् । यसले यहाँको सामाजिक बनावट, धार्मिक आस्था र मानिसहरूको सङ्घर्षमय जीवनलाई प्रतिनिधित्व गर्दछन् ।

सुदूरपश्चिम क्षेत्रलाई 'देवभूमि' पनि भनिन्छ, यहाँ 'मष्टो', 'निङ्गलाशैनी' सिद्धनाथ, वैजनाथ, सशस्त्र लिङ्ग वीरवेताल, 'भागेश्वर', उग्रतारा, 'शैलेश्वरी' र 'मालिकार्जुन' का दैवी कथाहरू गाउँगाउँमा सुनिन्छन् । डोटेली भाषामा यस्ता कथालाई 'चैत' भनिन्छ, जहाँ देवताहरू अन्याय सहँदैनन्, 'धामी' मार्फत सत्य ओकल्छन् र सधैँ गरिब एवम् दुःखीको संरक्षकका रूपमा उभिन्छन् भन्ने विश्वास रहेको छ । यसमै आधारित भएका लोककथाहरूले समाजमा न्याय, नैतिकता र आध्यात्मिक अनुशासनको एउटा बलियो जग बसाल्ने काम गरेका थिए ।

वीर गाथाहरूको सन्दर्भमा कत्युरी र मल्ल राजाहरूको बहादुरी, रणकौशल र उहाँहरुले राज्य संरक्षणका लागि गरेका बलिदानहरूको बखान गरिन्छ । तराईका कैलाली र कञ्चनपुरका चौधरी, डङ्गौरा थारु समुदायमा स–साना लोककथालाई 'खिस्सा' र ठूला एवम् लामा कथालाई 'बटकोही' भन्ने गरिन्छ । यस्ता कथाहरूमा बाघ, बाँदर, चराचुरुङ्गीहरू र फूल पुतलीहरु मानिससरह बोल्ने र संवाद गर्ने पात्र बन्दछन् । यसले प्रकृति र मानव जातिबीचको अटुट र संवेदनात्मक सम्बन्धलाई दर्साउ छ । डोटेली लोककथामा भूतप्रेत, देवीदेवता, राजारानी, पौरखशाली पुरुष, चतुर किसानका कथा यति प्रशस्त थिए कि तिनले बालबालिकालाई साहस, सतर्कता र चतुराईको व्यावहारिक शिक्षा दिन्थे । गरिबले आफ्नो तीव्र वुद्धि प्रयोग गरेर सामन्ति साहुलाई हराएको वा समस्याबाट मुक्त भएको कथा सुन्दा ग्रामीण बालबालिकाहरूमा आत्मविश्वास र न्यायप्रतिको विश्वास जाग्दथ्यो ।

लोककथाहरू वास्तवमा सुदूरपश्चिमी समाजको ऐनाका रुपमा रहेका छन । 'जुन समयमा न्यायिक निकाय थिएनन्, लिखित कानुनहरू आम मानिसको पहुँचभन्दा टाढा थिए, त्यसबेला 'देवन्याय' मा मानिसहरूको अटुट विश्वास थियो,' सामाजिक अगुवा शेरबहादुर साउदले भन्नुभयो, 'कथामा झुटो बोल्नेले 'देवको रिस' भोगेको र सत्यको बाटो हिंड्नेले अन्ततः सुख र मोक्ष पाएको प्रसङ्गले मानिसहरूलाई 'डर र धर्म' दुबैको सीमाभित्र बस्न प्रेरित गथ्र्यो ।' उहाँका अनुसार, खेतीपाती, गोठालो, वनजङ्गल, घाँस दाउरा र मेलापात नै यी कथाका जीवन्त परिवेश हुन्थे ।

कथाले समुदायभित्रको प्रगाढ मेलमिलाप र कहिलेकाहीँ जातीय विभेद्का तीता यथार्थहरूलाई पनि सूक्ष्म रूपमा उजागर गथ्र्यो । 'पहिले साँझपख कथा सुन्ने बहानामा छरछिमेकीहरू अगेना वरिपरि भेला हुन्थे, जसले 'साझा जीवन' र सामुदायिक एकताको भावनालाई बलियो बनाएको थियो,' उहाँ अगाडि भन्नुहुन्छ, 'जब आधुनिकताको लहर चल्न थाल्यो, पहिले रेडियोको स्वरले कथाको ठाउँ लियो, त्यसपछि टेलिभिजनको पर्दाले अगेनाको त्यो न्यानो जमघटलाई विस्थापित गरिदियो, अहिलेको मोबाइल, इन्टरनेट र सामाजिक सञ्जालको डिजिटल युगमा बालबालिकाको ध्यान पूर्ण रूपमा भर्चुअल संसारले कब्जा गरेको छ ।'

आजका बालबालिकालाई पुराना लोककथाहरू 'लामो' र 'बोरिङ' लाग्छन् किनकी युट्युब र टिकटकका सङ्क्षिप्त र कृत्रिम मनोरञ्जनले उनीहरूको धैर्यता र कल्पनाशीलतालाई साँघुरो बनाइदिएको छ । लोककथा सुन्न र त्यसको रस लिन धैर्य चाहिन्छ र सुनाउन विशेष कला चाहिन्छ, जुन अहिलेको व्यस्त समाजमा हराउँदै गएको छ ।

पहाडी समुदायमा हिउँदका बेला अगेना वरिपरि बसेर बूढापाकाहरूलाई कथा भन्न कर गर्ने बालबालिका मात्र हुँदैनथे, घरका र छिमेकका अन्य महिला–पुरुष पनि निकै चासोका साथ भेला हुन्थे । ती कथाहरूमा राजा–रानीको वैश र वैभव, भूत–प्रेतको त्रास, लडाकुहरूको वीरता र जादु–मन्त्रका रहस्यमयी प्रसङ्गहरू बढी हुन्थे । यसमा किड्के दानव, विजयालोणि, शित वसन्त, भुज्या मूल्या, बूढी र चलाख स्याल, बूढाबूढी, भोगे राकस, मधुमालती, सर समिर, देवावेटी, हिरालाल, राजा रतन सिंह, दुधलाला, कलसा र रस्वाकोषेडीका सात चेला जस्ता पात्र र कथाहरू निकै प्रचलनमा थिए । कथाको बीचमा गाउँखाने कथा पनि भन्ने गरिन्थ्यो । गाउँखाने कथाको जवाफ नदिएपछि गाउँ दिनु पर्दथ्यो । त्यसपछि मात्रै त्यसको उत्तर दिने गरिन्थ्यो ।

पहाडबाट सुविधा र सहजता खोज्दै तराई झर्ने क्रमसँगै यी कथाहरू पनि भौगोलिक बसाइँसराइको चपेटामा परेर ओझेलमा परे । ६७ वर्षीय जयबहादुर ऐरको अनुभवमा अहिले ती कथा पहिला जस्तो कर गर्नेहरू पनि छैनन् र सुनाउने बूढापाकाहरू पनि बाँकी रहेनन् । 'कथा भन्नेहरूले यति रोमाञ्चक र सुरिलो भाखामा कथाको बीचमा गीतहरू गाउँदै प्रस्तुति दिन्थे कि सुन्नेहरू मन्त्रमुग्ध भएर रात बितेको पत्तै पाउँदैनथे,' ऐर भन्नुहुन्छ ।

तराईमा पहिला मकै धेरै लगाउने चलन थियो तर अहिले आधुनिक र 'हाइब्रिड' जातको बढी प्रतिफल दिने अन्य खेती हुन थालेपछि पुरानो मकै खेतीसँगै त्यसबेलाका लोक संस्कृतिहरू पनि हराउँदै गएका छन् । भदौ–असोजको महिना मकै तोडेर घरमा भित्र्याउने बेला थारु समुदायमा मकैको खोस्टा र दाना छुटाउने कार्य रातिका बेला गरिन्थ्यो, जुन समयलाई सदुपयोग गर्दै बूढापाकाहरूबाट कथा सुन्ने सुनाउने गरिन्थो ।

स्थानीय नरेन्द्रप्रसाद चौधरीका मर्मस्पर्शी शब्दहरूमा भन्नुपर्दा मकै छुटाउने शारीरिक श्रमसँगै रातभरि कथा भनिदा कामको थकाइ कतिखेर मेटिन्थ्यो, पत्तै हुँदैनथ्यो । कहिलेकाहीँ त एउटै कथा रातभरभन्दा पनि सकिँदैनथ्यो र बीचमा भावुक गीतहरू गाउँदै कथा भन्नेहरूबीच दोहोरी नै चल्दथ्यो । रानी सरङ्गा, हितुवा राजा, सतलसिंह राजा, बेंगटुरिया रानी, फूल जोख्नी, र बढैया और लुहारजस्ता कथाहरू सुन्न मानिसहरूमा जुन कौतुहलता र उत्साह हुन्थ्यो, त्यो आजको कुनै पनि महँगो चलचित्रले दिन नसक्ने चौधरीले बताउनुभयो ।

स्थानीय वीरबहादुर चौधरी भावुक हुँदै भन्नुहुन्छ, 'त्यसबेलाको समय र परिवेश नै बेग्लै थियो, मानिसमा आत्मीयता थियो, अहिले न त सुनाउनेहरू रहे, न त नयाँ पुस्तामा आफ्नो पुर्खाको इतिहास सुन्ने चासो नै रह्यो ।' अलिखित र केबल मौखिक स्मृतिमा रहेका यी कथाहरू बूढापाकाहरू अस्ताएसँगै सदाका लागि लोप हुँदै गएको उहाँ उल्लेख गर्नुहुन्छ ।

राना थारु समुदायमा पनि यो कथा वाचनको चलन पूर्णरूपमा हराउँदै गएकामा शुक्लाफाँटा नगरपालिका–६ कसरौलका निवर्तमान वडाध्यक्ष जगता राना चिन्ता व्यक्त गर्नुहुन्छ । उहाँका अनुसार यी कथाहरूले केबल मनोरञ्जन मात्र दिँदैनथे, बरु सामाजिक मेलमिलाप, नैतिकता र 'खराब कामको नतिजा नराम्रो र राम्रो कामको नतिजा सधैँ सुखद् हुन्छ' भन्ने गहिरो पाठ सिकाउँथे । त्यसैको प्रभावले गर्दा गाउँमा चोरीचकारी र झगडा कम हुन्थ्यो र विकासका काममा मानिसहरू स्वतःस्फूर्त श्रमदान गर्न तयार हुन्थे ।

पहिले खेतमा धानको रोपाइँ सकिएपछि जब मानिसहरू फुर्सदिला बन्थे, राना थारु गाउँका कुनै एक भलमन्सा वा मानिएको व्यक्तिको घरमा साँझपख भेला भएर कथा सुन्ने एउटा संस्कार नै थियो । सबैले आ–आफ्नो घरबाट चारपाई अर्थात् खटिया बोकेर ल्याउँथे र आँगनमा लहरै बिछयाएर बस्दथे । कथा भन्ने व्यक्तिलाई चारैतिरबाट घेरेर सुन्ने र पालैपालो हुक्का तान्दै छलफल गर्ने त्यो मौलिक र आत्मीय दृश्य अब एकादेशको कथा जस्तै भइसकेको कसरौल गाउँका भलमन्सा रामकिसन रानाले बताउनुभयो ।

'कथाभन्दा गीतसँगै त्यसको अर्थ र जीवनदर्शन पनि लगाइन्थ्यो, जसले गर्दा अनपढ मानिसहरू पनि जीवन र जगतका बारेमा ज्ञानी हुन्थे,' उहाँले भन्नुभयो, 'राना थारु समुदायमा चाँदाको कहानी, घन्नैको कहानी, जिवालडौतीको कहानी, सदा सुरखा, र उपदेउको गउनुजस्ता कथा र लामा दास्तानहरू निकै प्रचलित थिए, जसले मानिसलाई धैर्यवान र धार्मिक बनाउँथ्यो ।'

भलमन्सा रानाको एउटै गुनासो छ–कथा सुनाउने पुर्खाहरू आफ्ना कथाका पात्रहरू झैँ इतिहासका पानामा बिलाएर स्वर्ग गइसके र उहाँहरूसँगै ती अमूल्य कथाहरू पनि सधैँका लागि विलिन भए । मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका यी अलिखित सम्पदाहरू अहिलेको इन्टरनेटको गति र रेडियो–टेलिभिजनको रौनकमा कतै नभेटिने गरी हराएका छन् ।

लोककथाहरू सुदूरपश्चिमको भूगोल, पहिचान र सभ्यताका असली संवाहकका रुपमा रहेका छन् । यी कथाहरूलाई डोटेली र थारु भाषामै सङ्कलन गरी पुस्तक, अडियो र भिडियोका रूपमा डिजिटल अभिलेखीकरण गर्नु आजको राज्य र नागरिक समाजको अनिवार्य दायित्व हो । विद्यालयको स्थानीय पाठ्यक्रममा यी कथाहरूलाई समावेश गरेर नयाँ पुस्तालाई आफ्नै पुर्खाको गौरवशाली इतिहाससँग परिचित गराउनु पर्ने सुदूरपश्चिमको संस्कृतिलाई नजिकबाट नियाल्दै आउनुभएका ईश्वर सुनार बताउनुहुन्छ । 'आधुनिक प्रविधि र माध्यमहरूलाई प्रयोग गरेर यी प्राचीन ज्ञान र कथालाई नयाँ ढाँचामा प्रस्तुत गर्न सके मात्र हाम्रा मौलिक पहिचानहरू जोगिन सक्छन्,' उहाँ भन्नुहुन्छ, 'लोककथा केबल विगतको सम्झना मात्र होइन, बरु यो त सुदूरपश्चिमी पहिचानको मेरुदण्ड हो, यदि आज हामीले हाम्रा पुर्खाहरूको यो अमूल्य मौखिक सम्पदालाई जोगाउन सकेनौँ भने भोलिको पुस्ताले आफ्नै देश र संस्कृतिको कथा सुन्न र भन्नबाट सधैँका लागि वञ्चित हुनुपर्नेछ, हाम्रो पहिचान इतिहासको धमिलो पानामा मात्र सीमित रहनेछ ।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४ः५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# ‘माईअभियान’ प्लेटफर्म सार्वजनिक

**काठमाडौँ।**
निर्वाचन प्रणालीलाई प्रविधिमैत्री बनाउँदै चुनावी अभियानलाई नयाँ उचाइमा पु¥याउने उद्देश्यका साथ ‘माईअभियान’ नामक डिजिटल प्लेटफर्म सार्वजनिक भएको । www.myabhiyan.com नामक प्लेटफर्ममार्फत उम्मेदवारका लागि मतदाता बुझाइ, डिजिटल सञ्चार, सामाजिक सञ्जाल पोष्टिङ, मतदाता विश्लेषण, एआई सहायता सन्देशलगायतका सुविधालाई एउटै प्रणालीमा समावेश गरी निर्वाचन अभियान व्यवस्थापनलाई पूर्ण रुपमा डिजिटलाइजेसन गर्न सकिने छ।

‘एकाई बेरी टेक्नोलोजी प्रालि’ले तयार गरेको सो प्लेटफर्मले निर्वाचन क्षेत्रको जनसांख्यिकी र अघिल्ला चुनावी नतिजाहरूको गहिरो विश्लेषण गर्ने, मतदाताको राजनीतिक झुकावका आधारमा वर्गीकरण गर्ने, दोधारमा रहेका मतदातालाई समर्थकका रुपमा बदल्न वातावरण सिर्जना गर्ने र वडा तह तथा मतदान केन्द्रसम्मको जानकारीलाई ‘डेटा’मा आधारित भई व्यवस्थित गर्न सहयोग पु¥याउने स्पष्ट गरेको छ।

सो कम्पनीका प्रबन्ध निर्देशक प्रशान्त कार्कीका अनुसार निर्वाचनमा भाग लिने उम्मेदवारका लागि आवश्यक सबै रणनीतिक सुविधाहरूलाई एउटै छातामुनि समेटेकाले उम्मेदवारले आफ्ना कार्यकर्ता र स्वयम्सेवकहरूलाई डिजिटल माध्यमबाटै जिम्मेवारी सुम्पिन र उनीहरूको कार्यप्रगतिको प्रत्यक्ष निगरानी गर्न ‘माईअभियान’ प्लेटफर्म उपयोगी माध्यम हुनेछ।

कम्पनीले एआई प्रविधिमा आधारित स्मार्ट प्लेटफर्ममार्फत आसन्न निर्वाचनमा भाग लिने उम्मेदवारको चुनावी अभियानलाई सहज, व्यवस्थित, परिणाममुखी बनाउने सहयोग पुग्ने विश्वास लिएको छ। रासस

# झापामा १५ महिलासहित ९० जना चुनावी मैदानमा

**झापा।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापामा १५ महिलासहित ९० जनाले उम्मेदवारी दर्ता गराएका छन् । जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमा ९० जनाले उम्मेदवारी दर्ता गराएकामा दुई स्वातन्त्रसहित १५ जना महिला रहेका छन्।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार १५ जना महिलाको संख्या कूल उम्मेदवारीको करिब १७ प्रतिशत मात्र हो । जिल्लाका पाँचवटै निर्वाचन क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले एक जना पनि महिलालाई प्रत्यक्षतर्फ उम्मेदवार बनाएको छैन।

क्षेत्र नं २ मा सबैभन्दा बढी महिलाको उम्मेदवारी परेको छ । यहाँ नेपाली कांग्रेसकी सरिता प्रसाईं, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट धर्मशीला चापागाईं, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट इन्दिरा रानामगर, श्रम संस्कृति पार्टीबाट चन्द्रकुमारी गारु र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट अमृता लावती चुनावी मैदानमा छन् । यस क्षेत्रमा एमालेकातर्फबाट पूर्वसभामुख देवराज घिमिरेको मनोनयन दर्ता भएको छ।

क्षेत्र नं १ मा रास्वपाकी निशा डाँगी र जसपाकी रमा मेचेले प्रतिस्पर्धा गर्दैछन् । क्षेत्र नं ३ मा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी चन्द्रकला सावा, नेमकिपाकी धर्मलक्ष्मी दुवाल र जसपाकी विनिताकुमारी राजवंशी चुनावी मैदानमा उत्रिएका छन्।

क्षेत्र नं ४ मा दुई महिला उम्मेदवार छन्। जसमा श्रम संस्कृति पार्टीकी अमृतादेवी राई र नेमकिपाकी तुलसी लक्ष्मी दमरु हुन्। क्षेत्र नं ५ मा नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन शाहलगायत उम्मेदवारसँग भिड्न तीन जना महिला चुनावी मैदानमा छन् । यहाँ नेपाली कांग्रेसबाट मन्धरा चिमिरिया तथा स्वतन्त्रबाट रञ्जिता गौतम र शोभा भण्डारीले मनोनयन दर्ता गराएका हुन्।

संविधानले राज्यका हरेक तहमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरे पनि प्रत्यक्ष निर्वाचनमा दलहरूले देखाएको उदासिनताप्रति अधिकारकर्मीले प्रश्न उठाएका छन्।

समावेशिताको नारा दिने प्रमुख दलले प्रत्यक्षतर्फ महिलालाई विश्वास नगरेका पत्रकार भीमा शिवाकोटीले बताए।

उनले भने, कूल उम्मेदवारीको तुलनामा महिलाको संख्या न्यून हुनुले नीति निर्माण तहमा महिला पुग्ने बाटो अझै साँघुरो रहेको देखाउँछ।

दलहरूले टिकट वितरणमा पुरुषलाई प्राथमिकता दिँदा महिलाहरू समानुपातिक सूचीमा मात्र सीमित हुनुपर्ने बाध्यता यसपटक पनि कायमै देखिएको उनको भनाइ छ। रासस




# काम परिणामुखी बनाउन निर्देशन



**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले सबैको साथ सहयोग र समन्वयमा मन्त्रालयका कामलाई परिणाममुखी बनाइने बताएकी छिन्।

बुधबार मन्त्रालयमा पदवहालीका क्रममा उनले सेवा प्रवाहलाई नागरिकमैत्री, चुस्त र प्रभावकारी बनाउन जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न निर्देशन दिइन्।

यो मन्त्रालय मेरा लागि नितान्त नयाँ हो, प्रशासनिक धेरै अनुभव हाशिल गरेँ उनले भनिन्, ‘परिणाममुखी नतिजा दिन सबै जिम्मेवार भएर लाग्नुपर्छ’ । यसअघि उनी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा सचिवको जिम्मेवारीमा थिइन्। रासस

# फर्मलाई ५० हजार जरिवाना

**काठमाडौँ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक फर्मलाई रु ५० हजार जरिवाना गरेको छ । विभागले गरेको अनुमगनको क्रममा कैफियत देखिएपछि विभागले खिलुङ्गा कालिका मार्केटिङ प्रालि सूर्यविनायक–२ बालकोटलाई जरिवाना गरेको हो।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार सो फर्मलाई कारबाही गरिएको विभागले जनाएको छ।

विभागले थप १२ फर्मको स्थलगत अनुमगन गरेको थियो। विभिन्न फर्ममा अनुमगन तथा निरीक्षण गरी विभागले सुधारात्मक निर्देशन दिएको छ।

विभागले नियमित रुपमा बजार अनुमगन गर्दै कानुन कार्यान्वयन गर्दै आएको छ । विभागले स्थानीय प्रशासन तथा उपभोक्ता अधिकारकर्मीको सहभागितामा अनुमगन गरिएको प्रष्ट पारेको छ । रासस

# पाँच उम्मेदवारविरुद्ध उजुरी

**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मङ्गलबार १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयनपत्र दर्ता गरेका तीन हजार ४८६ उम्मेद्वारमध्ये पाँच उम्मेदवारविरुद्ध मात्र उजुरी दर्ता भएको छ।

देशभरका १६५ वटै निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमा बुधबार बिहान १० बजेदेखि दिउँसो तीन बजेसम्म प्रारम्भिक जानकारी अनुसार पाँच उजुरी दर्ता भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए।

बुधबार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन पत्र दर्ता भएका उम्मेद्वारको योग्यता पुगेको छैन भने त्यसको विरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको थियो । सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतसमक्ष प्रतिनिधिसभा निर्वाचन निर्देशिका, २०८२ को अनुसूची १६ बमोजिम उजुरी दर्ता भएको हो । उजुरीमा निर्वाचन अधिकृतले निर्देशिकाको अनुसूची १७ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची १८ बमोजिमको भरपाइ सम्बन्धित उजुरी कर्तालाई दिएको जनाइएको छ।

निर्वाचन कार्यक्रमबमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको विरोधमा उजुरी गर्ने म्याद समाप्त भएपछि म्यादभित्र दर्ता हुन आएका उजुरीको विवरण अनुसूची १९ बमोजिम तयार गरी कार्यालयमा प्रकाशनसमेत गरेका छन्। यसरी प्रकाशन गरिने सूचनामा जसका विरुद्ध उजुरी परेको हो, सो पक्षले सूचनामा तोकिएको अवधिमा प्रमाणसहित उपस्थित हुनुपर्नेछ। यसरी सूचना प्रकाशन भएपछि सम्बन्धित उम्मेदवारले सोको सूचना पाएको मानिने व्यवस्था छ। बुधबार दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरिने उनले बताए। माघ ८ गते बेलुकी ५ बजे देखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ । माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ । त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ । आयोगमा अहिलेसम्म प्राप्त जानकारीअनुसार पुरुष ३०८९, महिला ३९६ र तेस्रो लिङ्गी एक गरी ३४८६ को उम्मेदवारी दर्ता भएको छ। रासस

# जनभावनाअनुसार उम्मेदवार बनेको हुँः दाहाल

रुकुम पूर्व।
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले रुकुमेली जनताको समृद्धिको आकाङ्क्षा पूरा गर्न आफू रुकुम पूर्वबाट उम्मेदवार बनेको बताएका छन्। प्रेस सेन्टर नेपाल रुकुम पूर्वले आज रुकुमकोटमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले जिल्लाको इतिहास, भूगोल, संस्कृति, जातजाति सबैको भावनामा आधारित विकासको ढाँचा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे।



जनयुद्धको आधार क्षेत्रको विकासलाई नयाँ ढङ्गले गति दिने मेरो सङ्कल्प छ। यहाँका जनताको भावना बुझेर जनताको अपेक्षा अनुसार यहाँबाट उम्मेदवारी दर्ता गराएको हुँ संयोजक दाहालले भने, ‘यहाँको भौतिक पूर्वाधारको विकास र विस्तार, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी सिर्जना र पर्यटन प्रवद्र्धनमा मेरो प्राथमिक विषय हुन् ।’ राजनीतिक रूपमा मात्रै नभई विकासका दृष्टिकोणबाट पनि समाजवादको बीउ रुकुम पूर्वबाट रोप्ने उद्घोष गर्दै संयोजक दाहालले समाजवादी क्रान्तिको आधारइलाका रुकुम पूर्व बन्ने विश्वास व्यक्त गरे। उनले बुधबारै यहाँका सहिद परिवारसँग भेटघाट गर्नुका साथै स्थानीय जनसमुदायसँग अन्तक्र्रिया गरेका थिए। रासस

# ३४८६ जनाको उम्मेदवारी मनोनयन

**काठमाडौँ।**
निर्वाचन आयोगको पछिल्लो विवरणअनुसार आगामी फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फ देशका १६५ निर्वाचन क्षेत्रमा ३४८६ जनाको उम्मेदवारी दर्ता भएको छ। केही क्षेत्रमा एकै पार्टीबाट दुई उम्मेदवारीसमेत परेको स्थितिमा रुजु गर्दा प्रारम्भिक सूचीमा सामान्य परिवर्तन आएको हो।

यही माघ ६ गते देशभर एकैपटक मनोनयनपत्र दर्ता सम्पन्न भएको थियो।

कूल तीन हजार ४८६ उम्मेदवारीमध्ये पुरुष तीन हजार ८९, महिला ३९६ र तेस्रो लिङ्गी एक जना रहेका छन्। दर्ता भएका उम्मेदवारका बारेमा आज योग्यतासम्बन्धी प्रश्न भएमा उजुरी दिन सकिने आयोगले जनाएको छ। रासस

# सुरक्षा व्यवस्था थप सुदृढ बनाउन निर्देशन

**काठमाडौँ।**
सरकारले आसन्न प्रतिनिधिसभा निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रचारप्रसार र अभियानलाई व्यवस्थित बनाउन सुरक्षा व्यवस्था थप सुदृढ र भरपर्दो बनाउन जिल्ला सुरक्षा समितिलाई निर्देशन दिएको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अध्यक्षतामा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले निर्वाचन कार्यक्रममा समन्वय गर्न गठन गरिएका सबै संयन्त्रलाई सक्रिय बनाउने निर्णय गरेको हो।

बैठकले निर्वाचन प्रचारप्रसारका क्रममा सामाजिक सञ्जालको दुरुपयोगलाई नियन्त्रण गर्न सोको निगरानीलाई प्रभावकारी बनाउने र गैरकानुनी भएको पाइएमा कारबाही गर्ने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

बैठकमा निर्वाचन सुरक्षा योजना सम्बन्धमा चार वटै सुरक्षा निकायले गरेका तयारी सम्बन्धमा समीक्षा भएको थियो। निर्वाचनलाई लक्षित गरी केन्द्रीय सुरक्षा समितिबाट पारित भई एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ कार्यान्वयनमा रहेको छ। रासस

# निर्वाचन आयोगमा ‘कल सेन्टर’ सञ्चालन

**काठमाडौँ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई केन्द्रित गरेर निर्वाचन आयोगले विगतमा जस्तै यस पटक पनि ‘कल सेन्टर’ स्थापना गरेको छ। आयोगको कार्यालय, कान्तिपथमा सञ्चालित कल सेन्टरबाट निर्वाचनसँग सम्बन्धित मतदाता, नागरिक र सरोकार भएकाको जिज्ञासा सुनुवाइ गरिने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए। छ वटा डेस्क रहेको उक्त केन्द्र बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेसम्म सञ्चालन हुनेछ । यसमा निःशुल्क टोल–फ्री नम्बर ११०२ मा फोन गरेर मतदाता, नागरिक र सरोकार भएकाले जिज्ञासा राख्न सक्नेछन् । यसमा एकै पटक १५ जनासम्मले फोन गर्दा कल होल्डमा नपर्ने व्यवस्था गरिएको आयोगले जनाएको छ। रासस

# उपराष्ट्रपतिसँग निमित्त राजदूतको भेट

**काठमाडौँ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि भारतीय दूतावासका नियोग उपप्रमुख तथा निमित्त राजदूत डा राकेश पाण्डेले शिष्टाचार भेट गरेका छन् । लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा बुधबार भएको भेटमा शुभकामना आदानप्रदान पश्चात द्विपक्षीयसम्बन्ध, सहयोग तथा अन्य विविध आयामका विषयमा छलफल भएको जनाइएको छ।

उपराष्ट्रपति यादवले नेपाल–भारतसम्बन्ध सामाजिक, सांस्कृतिक, धार्मिक, आध्यात्मिक, आर्थिक, प्राविधिक तथा जनस्तरमा सदियौँदेखि प्रगाढ रहिआएको उल्लेख गरे । उनले नेपाल–भारतसम्बन्ध सार्वभौमिक समानता, मैत्रीपूर्ण सहयोग, आपसी सम्मान एवं विश्वासमा आधारित रहेको बताउँदै नेपालले भारतसँगको सम्बन्धलाई उच्च महत्व दिँदै आएको बताएका छन्।

साथै, भारत सरकारले ‘नेबरहुड फस्ट’ नीतिअन्तर्गत छिमेकीसँगको सम्बन्धलाई विशेष प्राथमिकता दिने नीति अवलम्बन गरेकोमा उनले खुसी व्यक्त गरे। उपराष्ट्रपति यादवले भारत नेपालको एक महत्वपूर्ण विकास साझेदारको रूपमा रहेको उल्लेख गर्दै आर्थिक तथा प्राविधिकसहित विभिन्न क्षेत्रमा भारतले पु¥याउँदै आएको उल्लेखनीय सहयोगप्रति धन्यवाद व्यक्त गरे।

उनले निमित्त राजदूत पाण्डेमार्फत भारतका महामहिम उपराष्ट्रपति सिपी राधाकृष्णनको सुस्वास्थ्य तथा भारतीय जनताको प्रगति र समृद्धिको शुभकामना दिनुभएको उपराष्ट्रपति यादवको सचिवालयले जनाएको छ।

उक्त अवसरमा निमित्त राजदूत पाण्डेले नेपाललाई भारतले हरेक क्षेत्रमा सहयोग गर्न तत्पर रहेको बताए।

उनले विशेषगरी खेलकूदअन्तर्गत क्रिकेटमा सहयोग गर्न भारत इच्छुक रहेको उल्लेख गर्दै नेपालका रेलवे क्षेत्रमा सक्दो सहयोग गर्न भारत तयार रहेको बताए। रासस

# हिमपात नहुँदा हुम्लाका कृषक चिन्तित

**सिमकोट।**
हुम्लामा हिमपात नहुँदा किसान चिन्तित बनेका छन् । विगतका वर्षहरुमा मङ्सिर, पुस र माघ महिनामा बाक्लो हिमपात हुने गर्दथ्यो। यसवर्ष माघ महिनाको पहिलो साता हुँदा पनि हिमपात हुन नसकेको हो । लामो समयसम्म हिमपात नहुँदा खडेरी हुने होकी भन्ने चिन्तामा यहाँका किसान छन् । माघ महिनाको पहिलो सातासम्म हिमपात नहुँदा यहाँका किसान चिन्तामा परेका छन् । यो समय हिमपात हुनुका साथै सदरमुकाम सिमकोटसहित अग्ला स्थानहरु सेताम्ये देखिन्थे भने किसान खुसी हुन्थे । तर यो वर्ष जिल्लामा गएको असोज महिनाको अन्तिममा एक पटक मात्रै हिमपात भएको छ । त्यसले खासै किसानका लागि खुसी भने गराएको छैन्।



हिउँद याममा हिमपात नहुँदा चिसो बढेको छ । हुम्लाको आकाशमा केही दिनदेखि बादल मडारिए पनि हिमपात हुन सकिरहेको छैन । चार, पाँच दिनसम्म आकाशमा बादल मडारिने गरे पनि हिमपात हुन नसकेको हो । मङ्सिर पुस र माघ महिनामा अत्याधिक हिमपात हुने भए पनि यो वर्ष मङ्सिर र पुस दुई महिनासम्म हिमपात हुन सकिरहेको छैन । यो समय जिल्लामा हिमपात भएर सेताम्य हुने भए पनि उराठलाग्दो देखिएको छ।

सिमकोट गाउँपालिका–३ का स्थानीय पेमा लामाले भने, ‘यतिबेला हिउँले जताजतै सेत्याम्ये देखिन्थ्यो, हिउँमा बालबालिकादेखि युवायुवतीहरु रमाउने गर्थे तर यो वर्ष त्यसो हुन् सकेन् । पुस महिना सकिएर माघको आज ६ गते भइसक्यो ।’ बढी हिमपात हुने महिना पुस र माघ हो तर हिउँ परेन अब फाल्गुनमा के हुने हो थाहा नभएको लामाको भनाई थियो।

यस वर्षको हिउँद याममा हिमपात र वर्षा दुवै नहुँदा विशेष गरी किसान चिन्तित बन्न थालेका छन् । हुम्लामा बर्सेनि मङ्सिर, पुस र माघ महिनामा भारी हिमपात हुने गरे पनि यो वर्ष किसानले सोचेअनुसार हिमपात हुन नसकेको बताएका छन् । जेठासीबालीमा खडेरी हुने चिन्तामा रहेको सिमकोट गाउँपालिका–२ ठेहेका गौगोरा बोहराले गुनासो गरे । किसान बोहराले भने, ‘जाडो मौसममा भारी हिमपात नभएका कारण खेतमा लगाइएको जौ, गहुँ र उवा बालीको उत्पादन घट्ने देखिएको छ । विगतका वर्षहरुमा कात्तिक महिनादेखि फागुन महिनासम्म हिमपात हुनुका साथै किसानलाई राहत हुन्थ्यो।’

यो वर्ष हिमपात हुन सिकरहेको छैन । हिमपात नभएर यहाँको जमिन, सुक्खा देखिँदै गएका छन्भने हिउँदको समयमा हिउँ नपर्नुले सेताम्य हिमाल काला पत्थरमा परिणत हुनथालेका छन् । हिउँले सेताम्य देखिने यो समय हुम्लाका विभिन्न हिमाल सुक्खा देखिएका छन् । पुस महिनामा बाक्लो हिमपात भएर सेताम्ये हुने जिल्लाका विभिन्न चाङ्ला, रलिङ, सैपाल, पञ्चमुखीलगायत उच्च हिमालहरु सुक्खा देखिएका छन् । हिमपात नहुँदा यी हिमालहरु हिउँको पर्खाइमा छन् । जलवायु परिवर्तनमा आएको असर हुम्लामा समेत परेको छ । जिल्लाको मौसममा कहिले आकाशमा बादल देखिए पनि हिउँ पर्छ कि भनेर यहाँका किसानले आशा राखे पनि केही समयपछि बादल आकाशमै हराउने गरेको खार्पुनाथ गाउँपालिका–५ दुर्पा गाउँका गोर्ख रोकायाले बताए। उनले भने, ‘हुम्लामा दुई–तीन वर्ष यतादेखि दश वर्ष पहिलाको जस्तो सोचेअनुसारको हिमपात हुन छोडेको छ ।’ यो पुस महिनाको समय सिमकोट, खार्पुना, नाम्खा, सर्केगाड र चङ्खेली गाउँपालिकाका उच्च स्थान हिउँले ढाकेर सेताम्ये देखिन्थे तर केही वर्षयता देखिन सकेका छैनन्।

यो समयको हिउँदयाममा भारी हिमपात भएर किसान उत्हासीत हुनुका साथै पुसको हिउँ सिला, माघ हिउँ विला, फागुनको हिउँ टिलाफि भनेर किसान उख्खान समेत भन्ने गर्थे । पुस हिउँ सिला, माघ हिउँ बिला भन्ने स्थानीयको उखानजस्तै माघमा परेको हिउँ बिलाउँदै जाने गर्छ । पुसमा परेको हिउँ जमेर बस्छ भने फागुनमा परेको हिउँ टिलाफिला भएर जान्छ । हिउँ नपर्दा गाउँघरमा बूढापाखाले यो कलियुग आएको भन्ने गरेको रोकायाले बताए । जिल्लामा भारी हिमपात हुँदा एक गाउँबाट अर्को गाउँसम्म पुग्न समस्या बनाउथ्यो भने अत्याधिक चिसोले जनजीवन कष्टकर बनाउथ्यो यहाँका नागरिकले हिउँमा रमाउथे रोकायाले भने।

यो पटक मङ्सिर र पुस दुई महिना हिमपात नभएर बित्दा जेठमा पाक्ने जेठासी बाली उवा, गहुँ, जौलाई असर गर्छ भनेर कृषक चिन्तित भएका छन् । खेतबारीमा लगाइएको गहुँ, जौ, उवालगायतका बालीलाई पुसदेखि जेठसम्म बेलाबेलामा पानीको आवश्यकता पर्ने भएकाले यस वर्ष समयमा वर्षा नहुँदा कृषक चिन्तीत बनेका छन् । गर्त वर्ष ढिलो गरी हिमपात र वर्षा भएकाले यो वर्ष पनि ढिलो गरी हुन सक्छ कि भन्ने आशामा किसान छन्।

जाडो सिजनमा पनि हिउँ नपरेपछि एकातिर चिसो बढ्दै गएको छ भने अर्कोतिर तुषारोले बाली खानेमा कृषक चिन्तित रहेको सर्केगाड गाउँपालिका–६ बराई गाउँका मानबहादुर ऐडीले बताए । आवश्यक पर्ने हिउँ र वर्षा नभएपछि खेतमा लगाएको बाली नउम्रने र उम्रे पनि मरेर जाने भएको ऐडीको भनाई छ । खेतमा जौ र उवा लगाए पनि हिउँ नपर्दा खेतमा लगाएको बाली खेर जानेमा डर भएको छ । ऐडीले भने, ‘हुम्लामा दश वर्षअघि जस्तो हिउँ अचेल परेको छैन । मङ्सिर महिनामा दुई पटक पातलो हिउँ पर्यो, केही समयमै बिलायो ।’ पछिल्लो जिल्लामा समय हिउँ परे पनि फासफुस मात्र पर्छ, जमिन बेस्सरी भिजाउने गरेर हिउँ नपरेको उहाँको भनाइ थियो । दर्के झरी पनि पर्न छोडेको ऐडीले बताए।

पुसमा जति बाक्लो हिउँ पर्यो, हिउँदे बाली उति राम्रो हुन्थ्यो तर यो वर्ष परेको छैन । हिउँदमा हिउँ बेस्सरी परेर बाली राम्रो भएको वर्ष जेठासीको उत्पादनले चार, पाँच महिना मुस्किलले खान पुग्ने गरेको उनको भनाइ छ । हिउँदको महिना हिउँ नपर्दा जेठासी बालीका लागि खेतबारीमा सिँचाइको व्यवस्था नहुँदा खडेरीको समस्या निम्तिएको हो।

स्थानीयहरुमा चिसो बढेको भन्दा पनि हिमपात नभएको कारण खेतमा लगाइएको हिउँदे बाली जेठमा पाक्ने उवा, गहुँ र जौ सुक्ने भन्दै चिन्तामा छन् भने चैत, वैशाखमा लगाइने कात्तिकमा पाक्ने वर्षे बालीलाई समस्या पर्ने हो की भन्ने चिन्ताले बढीले सताउन थालेको छ । हिमाली जिल्ला हुम्ला मात्रै नभएर कर्णाली प्रदेशका साविकका हुम्ला, जुम्ला, मुगु, डोल्पा र कालिकोट जिल्लाका उच्च भेगमा हिमपात नहुँदा कृषक चिन्तित बनेका छन् । रासस

# अन्तर्राष्ट्रिय तेल बजारमा गिरावट

**एशिया।**
एशियाली शेयर बजारमा बुधबार प्रायः गिरावट देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रिनल्याण्डसँग सम्बन्धित शुल्क वृद्धि गर्ने धम्की दिएपछि लगानीकर्तामा निरासा छाएको छ। टोकियोको निक्की २२५ सूची ०.७ प्रतिशतले घटेको छ। दक्षिण कोरियाको कोस्पी ०.५ प्रतिशतले घटेको छ भने हङकङको हाङ सेनग ०.२ प्रतिशतले घटेको छ। शाङ्घाई सूची भने ०.२ प्रतिशतले बढेको छ । सुनको मूल्य पहिलो पटक प्रति तोलामा चार हजार ८०० डलर नाघेको छ । लगानीकर्ताले अनिश्चित समयमा सुरक्षित सम्पत्तिमा पैसा लगाउने प्रवृत्ति देखाएका छन्।

**अमेरिकी शेयर बजारमा उतार–चढाव**

मङ्गलबार वाँल स्ट्रिटमा ठूला गिरावट आएपछि बुधबार अमेरिकी शेयर भविष्यका मूल्यहरू केही बढेका छन् । एस एण्ड पी ५०० को भविष्य मूल्य ०.३ प्रतिशतले बढेको छ भने डाउ जोन्स औद्योगिक सूची ०.२ प्रतिशतले बढेको छ । मङ्गलबार एस एण्ड पी ५०० २.१ प्रतिशतले घटेर ६ हजार ७९६.८६ मा पुगेको थियो।

**ठूला कम्पनीहरूको मूल्य घट्यो**

एनभिडिया कम्पनीको शेयर ४.४ प्रतिशतले घटेको छ । एप्पल ३.५ प्रतिशतले घटेको छ । खुद्रा विक्रेता, बैङ्क र औद्योगिक कम्पनीहरू पनि घाटामा रहेका छन् । जेपीमॉर्गन चेइस ३.१ प्रतिशत र क्याटरपिलर २.५ प्रतिशतले घटेको छ।

**अमेरिकी र जापानी नीतिगत बैठकको प्रतीक्षा**

अमेरिकी फेडरल रिजर्भले अर्को हप्तामा आफ्नो नीतिगत बैठक गर्ने तय गरेको छ । बजारले अनुमान प्रमुख ब्याजदरमा कुनै परिवर्तन नहुने लगाएको छ । जापानको केन्द्रीय बैङ्कले शुक्रबार आफ्नो पहिलो मौद्रिक नीतिगत बैठक सम्पन्न गर्नेछ।

**तेल र मुद्रा बजारको स्थिति**

तेल बजारमा अमेरिकी क्रूड तेलप्रति ब्यारेल ५६ सेन्टले घटेर ५९.८० डलरमा पुगेको छ । ब्रेन्ट क्रूड तेल ७० सेन्टले घटेर ६४.२२ डलर प्रति ब्यारेलमा कारोबार भइरहेको छ । विदेशी मुद्रा बजारमा अमेरिकी डलर जापानी येनको सापेक्ष १५८.०८ मा आएको छ भने युरो स्थिर रहि १.१७१९ डलरमा कारोबार भइरहेको छ । रासस

# औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव

**झापा।**
औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव–२०८२ बुधबारदेखि जिल्ला सदरमुकाम चन्द्रगढीस्थित मेची रङ्गशालामा सुरु भएको छ । झापा उद्योग वाणिज्य सङ्घको आयोजनामा सुरु भएको महोत्सव यही माघ २१ गतेसम्म सञ्चालन हुनेछ । सङ्घका कार्यवाहक अध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक राजकुमार राईले यहाँको समग्र आर्थिक तथा सामाजिक उत्थानका लागि महोत्सव आयोजना गरिएको जानकारी दिए । उनका अनुसार उद्योग, व्यापार, कृषि, पशुपछी, शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रको प्रवद्र्धन गर्दै आन्तरिक बजार सवलीकरण, व्यावसायिक उत्थान र निकासीयोग्य वस्तुमा जोड दिन महोत्सव आयोजना गरिएको हो।

महोत्सवमा १३० वटा स्टल (कक्ष) निर्माण गरिएका संयोजक राईले जानकारी दिए । उनका अनुसार ती स्टलमा स्थानीय कृषि उत्पादन, हस्तकलाका सामग्री, विभिन्न कम्पनीका अटोमोबाइल, कृषि औजार, बीउबीजन, मलखाद, जडीबुटी, पर्यटन तथा शैक्षिक संस्था, छाला तथा गार्मेन्ट सामग्री, जुत्ता–चप्पल, गलैँचा तथा पस्मिना, सौर्य ऊर्जा, जलविद्युत्, सूचना प्रविधि, घरजग्गा तथा निर्माण सामग्री, बैंक तथा वित्तीय संस्था, फर्निचर तथा दैनिक उपभोग्य वस्तुको प्रदर्शनी तथा कारोबार हुनेछ । महोत्सवलाई थप आकर्षक बनाउन ‘सेल्फीजोन’, मनोरञ्जनात्मक खेल तमासा, स्थानीय तथा राष्ट्रियस्तरका साङ्गीतिक र हास्यव्यङ्ग्य कार्यक्रम, स्थानीय गीत तथा नृत्य, सांस्कृतिक प्रस्तुति, बालउद्यान तथा विभिन्न जातजातिको सांस्कृतिक झाँकी प्रदर्शनको व्यवस्था गरिएको संयोजक राईले बताए । महोत्सव अवधिमा विभिन्न खेलकुद कार्यक्रमसमेत आयोजना गरिनेछ।

महोत्सवमा कम्तीमा रु १० करोड बराबरको कारोबार र एक लाखभन्दा बढी अवलोकनकर्ताको सहभागिता हुने अनुमान रहेको उनले बताए । महोत्सव सफल बनाउन विभिन्न नौ वटा उपसमिति गठन गरी व्यवस्थापन, सुरक्षा, प्रचारप्रसार तथा अनुगमनको काम भइरहेको सङ्घले जनाएको छ । रासस

# न्युजिल्यान्डमा नोभेम्बर ७ मा आम निर्वाचन

**वेलिङ्टन।**
न्युजिल्यान्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले आगामी नोभेम्बर ७ तारिखमा आम निर्वाचन हुने घोषणा गरेका छन् । निर्वाचनको मिति सार्वजनिक गर्दै उनले अर्थतन्त्र सुधार र अपराध नियन्त्रणमा आफ्नो सरकारको उपलब्धिलाई मुख्य आधारका रूपमा प्रस्तुत गरेका हुन्।

प्रधानमन्त्री लक्सनले पत्रकारहरूसँग कुरा गर्दै निर्वाचनको मिति छनोटमा खेलकुदप्रेमी न्युजिल्यान्डको क्यालेन्डरले पनि केही भूमिका खेलेको बताए । अल ब्ल्याक्सले अस्ट्रेलियाविरुद्ध घरेलु मैदानमा खेलेको खेल सकिएको करिब एक महिनापछि निर्वाचन तय गरिएको उनको भनाइ थियो।

गत महिना सार्वजनिक भएको करदाताहरू युनियन÷क्युरिया सर्वेक्षणअनुसार विपक्षी लेबर पार्टीले ३१.६ प्रतिशत मत समर्थनसहित लक्सन नेतृत्वको कन्जर्भेटिभ नेसनल पार्टीलाई ३०.० प्रतिशतमा हल्का अग्रता लिएको देखिएको छ । यद्यपि, सोही सर्वेक्षणले गठबन्धन साझेदार दलहरूको समर्थनका कारण लक्सन नेतृत्वको सरकार अझै सत्तामा रहने सम्भावना रहेको सङ्केत गरेको छ।

प्रधानमन्त्री लक्सनले आफ्नो सरकारले ‘आधारभूत कुराहरू ठिक पार्ने योजना’ पूरा गर्ने प्रतिबद्धता दोहो¥याए । उनले पदभार सम्हाल्दा देश गलत दिशातर्फ गइरहेको र विगत दुई वर्षमा अवस्था सुधार्न कडा मेहनत गर्नुपरेको उल्लेख गरे । उनका अनुसार व्यापार र उपभोक्ताको विश्वास बढ्दो क्रममा छ, निर्माण तथा पूर्वाधार क्षेत्रमा गति आएको छ र निर्यातले उल्लेखनीय रूपमा राम्रो प्रदर्शन गरिरहेको छ।

प्रधानमन्त्रीले अघिल्लो सरकारको कार्यकालमा मुद्रास्फीति करिब ७ प्रतिशतबाट घटेर ३ प्रतिशतभन्दा कममा झरेको दाबी गरे । साथै, भारतसँग भएको स्वतन्त्र व्यापार सम्झौतालाई महत्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गर्दै त्यसलाई कार्यान्वयन गर्ने कानून यसै वर्ष पारित हुने अपेक्षा व्यक्त गरे।

अपराध नियन्त्रणका सवालमा पनि प्रधानमन्त्री लक्सनले आफ्नो सरकारको कामको प्रशंसा गरे । उनका अनुसार प्रहरी सडकमा बढी देखिन थालेका छन्, अपराधका सिकार हुनेको संख्या ३८ हजारले घटेको छ, युवा अपराध १६ प्रतिशतले कम भएको छ र सशस्त्र छापाको घटना ८५ प्रतिशतले घटेको छ।

यसबीच विपक्षी लेबर पार्टीका नेता क्रिस हिप्किन्सले भने प्रधानमन्त्री लक्सनले अपेक्षाकृत ढिलो निर्वाचनको मिति रोज्नुको कारण आफ्नो पद जोगाउने निराश प्रयास भएको आरोप लगाए । सन् २०२३ मा जासिन्डा अर्डर्नको राजीनामापछि छोटो समय प्रधानमन्त्री रहेका हिप्किन्सले न्युजिल्यान्डमा सामान्यतया अक्टोबरमा निर्वाचन हुने गरेको स्मरण गराउँदै यसपटक नोभेम्बरमा सारिनु अर्थपूर्ण भएको टिप्पणी गरे।

हिप्किन्सले आफ्नो पार्टीले सकारात्मक एजेन्डासहित चुनावी अभियान चलाउने बताए । उनले नेसनल पार्टीले अझ बढी दोषारोपण, बहाना र कटौतीको राजनीति गरिरहेको आरोप लगाउँदै न्युजिल्यान्ड त्योभन्दा राम्रो विकल्पको हकदार रहेको धारणा राखे । न्युजिल्यान्डमा पछिल्लो आम निर्वाचन सन् २०२३ को अक्टोबर १४ मा सम्पन्न भएको थियो । रासस

# आबे हत्या प्रकरणमा आजीवन सजाय

**जापान।**
जापानका पूर्वप्रधानमन्त्री सिन्जो आबेको हत्या प्रकरणमा दोषी ठहर भएका बन्दुकधारी तेत्सुया यामागामीलाई बुधबार आजीवन कारावासको सजाय सुनाइएको छ । तीन वर्षभन्दा बढीअघि खुलेआम गरिएको उक्त हत्याले जापान मात्र नभई, विश्व समुदायलाई नै स्तब्ध पारेको थियो।

नारा सहरको अदालतमा न्यायाधीश शिनिची तनाकाले सजाय सुनाएका हुन् । मुद्दाप्रति जनचासो अत्यधिक देखिएको थियो । बुधबार बिहानै अदालत प्रवेशका लागि टिकट लिन लामो लाइन लागेको दृश्यले यसको गम्भीरता झल्काएको थियो।

पैँतालिस वर्षीय यामागामीले जुलाई २०२२ मा चुनावी अभियानका क्रममा भाषण दिइरहेका जापानका सबैभन्दा लामो समय सेवा गरेका प्रधानमन्त्री आबेमाथि हस्तनिर्मित बन्दुक प्रयोग गरी गोली प्रहार गरेको अभियोग खेपेका थिए।

उनीमाथि हत्या तथा बन्दुक नियन्त्रण कानून उल्लङ्घनको आरोप लगाइएको थियो । अक्टोबरमा मुद्दा सुरु हुँदा यामागामीले हत्या गरेको स्वीकार गरेका थिए, यद्यपि केही आरोपमा उनले असहमति जनाएका थिए । जापानी कानूनी व्यवस्थाअनुसार अपराध स्वीकार गरे पनि मुद्दा पूरै सुनुवाइ हुन्छ।

अदालतबाहिर उपस्थित नागरिकहरूले यस घटनाले जापानी समाजमा पारेको गहिरो प्रभावबारे प्रतिक्रिया जनाएका थिए । केहीले पीडितप्रति सहानुभूति व्यक्त गरे भने केहीले यामागामीको जीवन पृष्ठभूमिलाई समेत विचार गर्नुपर्ने माग राखेका थिए।

अभियोजनकर्ताहरूले हत्यालाई ‘युद्धपछिको जापानी इतिहासमै अभूतपूर्व’ भन्दै समाजमा यसको अत्यन्त गम्भीर असर परेको तर्क प्रस्तुत गर्दै आजीवन कारावासको माग गरेका थिए।

जापानमा आजीवन कारावासमा प्यारोलको कानूनी सम्भावना भए पनि व्यवहारमा धेरै कैदी जेलमै जीवन समाप्त गर्ने विज्ञहरूको भनाइ छ।

मुद्दाको क्रममा अभियोजन पक्षले यामागामीको उद्देश्य एकीकरण चर्चलाई बदनाम गर्नु रहेको दाबी गरेको थियो । उनकी आमाले उक्त चर्चलाई दिएको अत्यधिक दानका कारण परिवार आर्थिक रूपमा ध्वस्त भएको र प्रभावशाली राजनीतिज्ञहरूले सम्प्रदायलाई संरक्षण गरिरहेको विश्वास यामागामीमा बस्दै गएको तथ्य अदालतमा उजागर भएको थियो । पूर्वप्रधानमन्त्री आबे केही चर्चसम्बद्ध कार्यक्रममा सहभागी भएको पनि उल्लेख गरिएको थियो।

प्रतिरक्षा पक्षले यामागामीको बाल्यकाल आमाको चरम धार्मिक आस्थाका कारण ‘धार्मिक दुव्र्यवहार’ बाट प्रभावित भएको दाबी गरेको थियो । वकिलका अनुसार, पारिवारिक सङ्कटपछि आमाले करिब १० करोड येन बराबरको सम्पत्ति चर्चलाई दान गरेका थिए, जसका कारण यामागामीको शिक्षा र जीवन गम्भीर रूपमा प्रभावित भयो । उनले आत्महत्याको प्रयाससमेत गरेको र पछि भाइले आत्महत्या गरेको तथ्य पनि अदालतमा प्रस्तुत भएको थियो।

यस हत्यापछिको अनुसन्धानले एकीकरण चर्च र सत्तारूढ लिबरल डेमोक्रेटिक पार्टीका केही रूढिवादी सांसदहरूबीचको घनिष्ठ सम्बन्ध उजागर गरेको छ, जसका कारण चार मन्त्रीले पद त्याग्नुपरेको थियो । अभियोजनकर्ताहरूका अनुसार यामागामीले सन् २०२० देखि बन्दुक बनाउन सुरु गरेका थिए, जसले आक्रमण अत्यन्त पूर्वनियोजित रहेको पुष्टि गर्छ।

कडा बन्दुक नियन्त्रणका लागि परिचित जापानमा यो घटनालाई गम्भीर चेतावनीका रूपमा लिइएको छ । बन्दुक हिंसा अत्यन्त दुर्लभ भएकाले घटनास्थलमा सुरक्षाकर्मीहरूले सुरुमा गोली चलेको बुझ्न नसकेको र उद्धारमा ढिलाइ भएको प्रहरी प्रतिवेदनमा उल्लेख गरिएको छ । रासस



## नाराभन्दा नीति रोज्ने उम्मेदवारः

# पर्सा–१ मा अजय चौरसियाको राजनीतिक उदय



**हरिशंकर शर्मा**
**वीरगंज।**
आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा पर्सा निर्वाचन क्षेत्र नं.–१ मा नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अजय चौरसिया राष्ट्रिय तहमा चासोका साथ हेरिएका नाममध्ये एक बनेका छन् । उनी परम्परागत राजनीतिक भाषाशैलीभन्दा फरक, तथ्य, नीति र उत्तरदायित्वको आधारमा जनविश्वास आर्जन गर्न खोजिरहेका उम्मेदवारका रूपमा चिनिन थालेका छन्।

चार्टर्ड एकाउन्टेन्ट, आर्थिक सुधारक र सार्वजनिक शिक्षाकर्मीको परिचय बोकेका चौरसिया सत्ता प्राप्तिका लागि होइन, राज्य प्रणालीलाई जनपक्षीय, न्यायोचित र अनुशासित बनाउने उद्देश्यसहित राजनीतिमा प्रवेश गरेको बताउँछन् । 'राजनीति लोकप्रिय नाराको होइन, जिम्मेवार निर्णयको क्षेत्र हो,' भन्ने उनको दृष्टिकोण उनी अहिलेसम्मका गतिविधिमा प्रस्ट देखिन्छ।

### जीवन पृष्ठभूमि र सामाजिक यथार्थ

वि.सं. २०४९ वैशाख १६ गते जन्मिएका अजय चौरसिया पर्सा जिल्ला, वीरगंज–१६ का स्थायी बासिन्दा हुन् । मधेशको सामाजिक–आर्थिक यथार्थ, सीमावर्ती व्यापारका जटिलता, साना तथा मझौला उद्यमीको समस्या, बैंकिङ प्रणालीको दबाब र श्रमिक तथा युवाका चुनौती उनी स्वयंले नजिकबाट भोगेका छन् । उनको राजनीतिक यात्रा सुविधाभन्दा मेहनत, सिफारिसभन्दा क्षमता र अवसरवादभन्दा सेवाभावमा आधारित रहेको उनको दाबी छ।

### शिक्षा र व्यावसायिक अनुभव

चौरसिया इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डिया (आई.सि.ए.आई) र इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ नेपाल (आई.सि.ए.एन.) बाट प्रमाणित चार्टर्ड एकाउन्टेन्ट हुन्। साथै उनले वाणिज्यशास्त्रमा स्नातक उपाधि हासिल गरेका छन् । पूर्व बैंकरको रूपमा काम गरिसकेका उनले नेपालको वित्तीय प्रणाली, ऋण प्रवाह, बैंकिङ संरचना र त्यसका कमजोरीहरू व्यवहारिक रूपमा बुझेका छन्।

दश वर्षभन्दा बढीको व्यावसायिक अनुभवका क्रममा उनले लेखापरीक्षण, कर प्रणाली, वित्तीय परामर्श र कर्पोरेट सुशासनका क्षेत्रमा काम गरेका छन् । हाल उनी 'अजय चौरसिया एण्ड एशोसिएट्स) का प्रमुखका रूपमा देशभरका व्यवसाय र संस्थालाई परामर्श सेवा दिँदै आएका छन्।

### संघर्ष र जनहितका मुद्दा

अजय चौरसिया केवल भाषणमा सीमित नेता होइनन् । वि.सं. २०७८ देखि हालसम्म उनले बैंकहरूको अनैतिक नाफामुखी अभ्यास, अत्यधिक ब्याजदर र जबर्जस्ती शुल्कविरुद्ध निरन्तर सडक संघर्ष र अभियान सञ्चालन गर्दै आएका छन्।
यस अभियानका क्रममा धेरै पीडितले राहत पाएको, बैंकहरू अतिरिक्त असुली फिर्ता गर्न बाध्य भएको र ऋणीमैत्री कानुनी सुधार सम्भव भएको उनको पक्षको दाबी छ।

बैंकिङ क्षेत्रको आलोचना गरेकै कारण उनले एन.आई.सि. एशिया बैंकबाट साइबर अपराधसम्बन्धी मुद्दा खेप्नुपरे पनि संघर्षबाट पछि हटेनन् । त्यसैगरी, मिटर ब्याज पीडितको पक्षमा उभिएकै कारण बारा जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारीविरुद्ध दायर मुद्दामा परमादेश जारी भइसकेको छ।

उनले बैंक तथा वित्तीय संस्थाबाट पीडित नागरिकलाई निःशुल्क कानुनी र वित्तीय परामर्श दिँदै आएका छन् । घरेलु हिंसा र प्रशासनिक दमनका घटनामा पनि न्यायको पक्षमा उभिएको उनको गतिविधि स्थानीय स्तरमा चर्चित छ।

### सार्वजनिक शिक्षा र चेतना

चौरसियाले १५० भन्दा बढी युवा तथा स्नातकहरूलाई कर, लेखा र वित्तीय व्यवस्थापनसम्बन्धी तालिम दिइसकेका छन् । तीमध्ये धेरै अहिले रोजगारीमा आबद्ध वा आत्मनिर्भर बनेका छन् । वित्तीय साक्षरता, कर सचेतना र नागरिक अधिकारका विषयमा उनले सेमिनार, वेबिनार र सार्वजनिक संवादमार्फत निरन्तर भूमिका खेल्दै आएका छन्।

'सूचित नागरिक नै लोकतन्त्रको बलियो आधार हो,' भन्ने उनको भनाइ उनका सार्वजनिक गतिविधिमा बारम्बार दोहोरिन्छ।

### राजनीतिक दृष्टिकोण

नेपाली कम्युनिस्ट पार्टीको मूल्य र सिद्धान्तसँग आफू पूर्णतः समन्वयमा रहेको बताउने चौरसियाले भ्रष्टाचारप्रति शून्य सहनशीलता, सरल र पारदर्शी कर प्रणाली, श्रमिक र उद्यमीमैत्री आर्थिक नीति, युवाकेन्द्रित रोजगारी तथा सूदखोरीविरुद्ध कठोर कानुनी व्यवस्था आफ्नो प्रमुख राजनीतिक प्रतिबद्धता रहेको बताएका छन्।

उनका अनुसार, 'नेपाल असफल भएको क्षमताको कमीले होइन, नीतिगत इमानदारी र कार्यान्वयनको अभावले हो ।' राजनीतिक विश्लेषकहरूका अनुसार पर्सा–१ मा अहिले नाराभन्दा नीतिगत स्पष्टता, प्रभावभन्दा इमानदार संघर्ष र आश्वासनभन्दा परिणाम दिने नेतृत्वको खोजी तीव्र छ । यही पृष्ठभूमिमा अजय चौरसियालाई शोषणविरुद्धको प्रमाणित इतिहास, व्यावसायिक क्षमता र जनपक्षीय दृष्टिकोण बोकेको उम्मेदवारका रूपमा हेरिएको छ।

फागुन २१ गतेको निर्वाचनमा पर्सा–१ का मतदाताले कुन खालको नेतृत्व रोज्नेछन्, त्यो परिणामले देखाउनेछ । तर अजय चौरसियाको उदयले मधेश र राष्ट्रिय राजनीतिमा नीति र उत्तरदायित्वको बहसलाई भने केन्द्रमा ल्याएको छ।

# साढे नौ खर्बको आयात, डेढ खर्बको निर्यात

**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालले कूल रु १० खर्ब ८१ अर्ब चार करोड बराबरको वैदेशिक व्यापार गर्दा रु सात खर्ब ९७ अर्ब ४८ लाख बराबरको घाटा व्यहोरेको छ । भन्सार विभागले सार्वजनिक गरेको गत पुस मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष कूल वैदेशिक व्यापार १७ दशमलव ३६ र व्यापार घाटा १० दशमलव १५ प्रतिशतले बढेको छ ।

गत पुस मसान्तसम्ममा कूल रु नौ खर्ब ३९ अर्ब दुई करोड २८ लाखको वस्तु आयात हुँदा रु एक खर्ब ४२ अर्ब एक करोड ८० लाख बराबरको मात्रै निर्यात भएको विभागले जनाएको छ । कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ८६ र निर्यातको हिस्सा १३ दशमलव १४ प्रतिशत छ ।

वैदेशिक व्यापारमा नेपालको सबैभन्दा ठूलो साझेदारका रूपमा रहेको भारतसँग पछिल्लो छ महिनामा रु पाँच खर्ब ३२ अर्ब ४५ करोड ६७ लाख बराबरको वस्तु आयात भएको छ भने रु एक खर्ब १५ अर्ब ७४ करोड ३६ लाखको निर्यात भएको छ । यो अवधिमा भारतसँगको व्यापार घाटा मात्र रु चार खर्ब १६ अर्ब ७१ करोड ३० लाख रहेको छ ।

अर्को छिमेकी मुलुक चीनसँगको पछिल्लो छ महिनाको व्यापार घाटा रु एक खर्ब ९५ अर्ब ३६ करोड ८४ लाख छ । चीनबाट रु एक खर्ब ९६ अर्ब ९४ लाख बराबरको वस्तु आयात हुँदा रु ६४ करोड नौ लाख बराबरको मात्र निर्यात भएको विभागले जनाएको छ । नेपालको व्यापार घाटा बढी रहेका मुलुकहरुमा अर्जेन्टिना, संयुक्त अरब इमिरेट्स, इन्डोनेसिया, थाइल्याण्डलगायत छन् । त्यस्तै, व्यापार नाफा रहेका मुलुकको शीर्ष स्थानमा डेनमार्क छ । पछिल्लो छ महिनामा नेपालले डेनमार्कसँग रु नौ करोड १५ लाखको आयात र रु ५१ करोड दुई लाखको निर्यात गर्दा रु ४१ करोड ८६ लाख व्यापार नाफा देखिन्छ । रोमानिया, स्वीडेन, इराक, नर्वेलगायत मुलुकसँग नेपालको नाफा छ ।

यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा उच्च छ । चालु आवको पुस मसान्तसम्ममा रु ५८ अर्ब २७ करोड ९२ लाख ७६ हजारको डिजेल, रु ३३ अर्ब सात करोड २१ लाख ६८ हजार बराबरको पेट्रोल र रु २७ अर्ब चार करोड २० लाख २६ हजार बराबरको खाना पकाउने ग्यास आयात भएको छ ।

त्यसैगरी यो अवधिमा रु २३ अर्ब २९ करोड ८३ लाख २२ हजारको स्मार्टफोन, रु ५७ अर्ब ४३ करोड ६२ लाख २० हजार बराबरको अप्रशोधित सोयाविन तेल, रु १४ अर्ब चार करोड ९३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ । वस्तु आयातबाट सङ्कलित यो अवधिको भन्सार राजस्व रु दुई खर्ब ३८ अर्ब ५३ करोड ५४ लाख १३ हजार बराबर छ ।

त्यस्तै, नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाविन तेल मात्रै रु ५६ अर्ब आठ करोड २४ लाख २६ हजार रहेको छ भने रु सात अर्ब १९ करोड ९५ लाखको अलैँची, रु चार अर्ब ७८ करोड ४४ लाखको सूर्यमुखी तेल, रु तीन अर्ब ११ करोडको कार्पेटलगायत छन् । रासस

# अब हामी देश सम्हाल्छौँः महिला उम्मेदवार



**काठमाडौँ ।**
मङ्गलबार प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मनोनयन दर्ता गरिसकेपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का कुन्ती पोखरेलले 'म छोरी हुँ, घर समाजसँगै आवश्यकता परे देश पनि सम्हाल्न सक्छु' भनिन् । उनले देशलाई फरक विचार आवश्यकता रहेकाले समाज रूपान्तरणका लागि राजनीतिमा होमिएको बताइन् । कुन्ती अघिल्लो प्रतिनिधिसभाको निर्वाचनमा पनि प्रतिस्पर्धामा रही पराजित भइन् ।
त्यो अनुभवबाट धेरै सिकेको उनी बताउँछिन् । काठमाडौँ, क्षेत्र नं–२ बाट उम्मेदवारी दिएकी उनले भनिन्, 'हामी महिला, सधैँ पहिला ।' महिला र पहिलाकै अवधारणाका साथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट अस्मिता थापाले पनि ओखलढुङ्गाबाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ मनोनयन दर्ता गराएकी छिन् । उनी २०७९ मा स्थानीय तह निर्वाचनमा ओखलढुङ्गाको लिखु गाउँपालिकाको उपाध्यक्षमा सबैभन्दा कम उमेरको जनप्रतिनिधिका रुपमा निर्वाचित भएकी थिइन् ।
हाल उमेरले २९ वर्षीया थापाले युवा पुस्ताको आवाज र पाका पुस्ताको सम्मान गर्दै विकास निर्माणमा जोड दिने धारणा राखिन् । उनी भन्छिन्, 'युवा पुस्ता र पाका पुस्ताको समिश्रणले नयाँ रूपान्तरण सम्भव छ ।' राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) बाट रञ्जु दर्शना काठमाडौँ, १ बाट उम्मेदवारी दिएकी छिन् । दर्शनाले समानुपातिक तर्फको बन्दसूचीबाट नाम फिर्ता लिएर प्रत्यक्षमा उम्मेदवारी दिएकी छिन् । विसं २०६७/६८ देखि विवेकशील नेपाली दलबाट दर्शनाको राजनीतिक यात्रा सुरु भएको थियो । विसं २०७४ को स्थानीय निर्वाचनमा काठमाडौँ महानगरको प्रमुख पदमा प्रतिस्पर्धा गर्दा उनको निकै चर्चा भएको थियो । दर्शनाले राजनीतिलाई आफूले सके सफा गर्ने नसके फोहर नगर्ने भनेर प्रवेश गरेको बताइन् । मुलुक बनाउन नयाँ धारसहित युवा र नवीन सोच विचारको आवश्यकता रहेको उनको भनाइ छ । गर्भवती अवस्थामा रहेकी दर्शना देशको भविष्य सुनिश्चित गर्न असल राजनीतिक चरित्र आवश्यक रहने धारणा राखिन् ।
नेपाली कांग्रेसबाट झापाको निर्वाचन क्षेत्र नं २ मा उम्मेदवारी दर्ता गराएकी सरिता प्रसाइँले राजनीतिमा महिलाको मुद्दा मात्रै नभइ समग्र मुद्दालाई उठान गर्न सक्नुपर्ने बताउँछिन् । नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दलहुँदै कांग्रेसको राजनीतिमा प्रवेश गरेकी उनी संविधानसभामा सभासददेखि राष्ट्रियसभामा मुख्य सचेतकसम्मको जिम्मेवारी निर्वाह गरिसकेकी छिन् ।
नेपाली कम्युनिष्ट पार्टी(नेकपा)बाट मेनुका भण्डारी (कृतु) ले काठमाडौँ, क्षेत्र नं १ मा मनोनयन दर्ता गराएकी छिन् । चुनाव जित्ने सम्भावनाबारे उनले आफ्नै ठाउँका छोरी र बुहारीलाई अघि बढाउने जिम्मेवारी जनताकै हातमा रहेको प्रतिक्रिया दिइन् ।

### महिला उम्मेदवार जिताउन किन जरुरी ?

उम्मेदवारी दिएका अधिकाश महिलाले महिला र पुरुष उम्मेदवारमा के फरक ? भन्ने प्रश्नको सामना गर्नुपरेको बताउँछिन् । अधिकारकर्मी सरु जोशीसँग यसको जवाफ सरल र बहुआयामिक तर्क छ ।
उनी लामो समयदेखि नेतृत्व तहमा महिलालाई पु¥याउनुपर्छ भन्ने अभियानमा सक्रिय छिन् । उनले विभिन्न अध्ययनहरुबाट महिला नेतृत्व हुन सकेमा भ्रष्टाचार शून्य, स्थायी सुशासन, राज्य व्यवस्थापनमा कुशलता, शान्तिपूर्ण वातावरणमा काम गर्नसक्ने क्षमता, धैर्यता र आत्मविश्वासलगायतका गुण देखिने पुष्टी भइसकेको बताउँछिन् ।
घरदेखि परसम्मै व्यवस्थापन गर्न सक्षम महिलाको अभ्यासले राज्य सम्हाल्न सक्ने क्षमता नहुने कुरै भएन उनी भन्छिन्, महिला सक्षम छन्, एक पटक अवसर दिएर हेर्नुपर्छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन हजार ४८६ उम्मेदवारी दर्ता भएकामा तीन हजार ८९ पुरुष र ३९६ महिला र अन्यमा एक जनाले दर्ता गरेका छन् ।
यस अघिका २०७९ मङ्सिर ४ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्वतन्त्र र राजनीतिक पार्टीसहित जम्मा २३५ जनाले निर्वाचनमा उम्मेदवारी दर्ता गराएका थिए ।
जसमा सबैभन्दा बढी ५८ जनाले स्वतन्त्र रूपमा उम्मेदवारी दिएका थिए । विगतको तुलनामा यो पटक महिला उम्मेदवार तुलनात्मक रूपमा बढ्दो छ । रासस



# काम गर्ला सर्लाही–४ मा गगनको गणितले ?

**मधेशदृष्टि**
**सर्लाही ।**
हठात् काठमाडौँ–४ बाट मधेश झरेका र सर्लाही–४ रोजेका छन् नेपाली कांग्रेसका सभापति गगन थापाले । ३ पटक चुनाव जितेका उनका लागि मधेशमा पहिलोपटक र मधेशले चौथोपटक संसदमा प्रवेश गराउने ढोका खोल्ला त ? यसबारे व्यापक चर्चा भइरहेको छ ।



उनले काठमाडौँ–४ मा सचिन तिमल्सेनालाई टिकट दिएका छन् । सर्लाहीबाट मधेश प्रदेशसभा सदस्य वीरेन्द्रकुमार सिंहलाई वारेस दिएर उम्मेदवारी दर्ता गराएका छन् । आज बिहीबार उनी निर्वाचन क्षेत्र सर्लाहीमा आउँदैछन् । सर्लाहीमा गगनको मुख्य प्रतिस्पर्धी २०७९ मा स्वतन्त्र उठेर जितेका र यतिखेर रास्वपामा प्रवेश गरेका अमरेशकुमार सिंह हुने देखिएको छ । अमरेशले गएको चुनावमा कांग्रेसबाट टिकट नपाएपछि बागी उठेर जितेका थिए । अहिले अमरेश रास्वपाबाट लड्दै छन् । थापा र सिंहसहित नेपाली कम्युनिस्ट पार्टीबाट डा. रजनीश यादव, जनता समाजवादी पार्टी (जसपा) नेपालबाट रामेश्वर राय यादव र एमालेबाट रविशङ्कर कुशवाहा मैदानमा छन् ।

गएको चुनावमा कांग्रेसबाट विद्रोह गरेका सिंहले २० हजार १७ मत ल्याएर जित्दा कांग्रेसका नागेन्द्रकुमार १८ हजार २ सय ५३ मत ल्याएका थिए । स्वतन्त्र उम्मेदवार मधुमाला कुमारी यादवले १४ हजार ६ सय २२, जसपा नेपालका राकेश कुमार मिश्रले ५ हजार ८ सय १३ पाएका थिए ।

बहुजन एकता पार्टी नेपालका राजाराम पासवानले १ हजार १ सय ५८, जनमतका रामबाबु रायले ३ हजार ४ सय २९ मत ल्याउँदा रास्वपाका धिरज ठाकुरले ३ सय ६ मत मात्रै ल्याएका थिए ।

तर, अहिले काठमाडौँका पूर्वमेयर बालेन साह पनि रास्वपामा प्रवेश गरेपछि रास्वपाले बालेनलाई भावी प्रधानमन्त्रीको रूपमा अघि सार्दै 'मधेश पुत्र' ब्रान्डिङ गरिरहेको छ । त्यसैले गगनको मुख्य प्रतिस्पर्धी सिंह नै हुने विश्लेषण छ । गएको निर्वाचनमा जसपा नेपाललाई सघाएको एमाले पनि यहाँ कमजोर छ ।

कांग्रेसबाट विद्रोह गरेर सिंहले गएको चुनावमा जित्दा समानुपातिकतर्फ पनि यो क्षेत्रमा कांग्रेस नै पहिलो भएको थियो । कांग्रेसले १६ हजार २९, जनमतले १२ हजार ५ सय ९५, नेकपाले (माओवादी र एकीकृत समाजवादी) ११ हजार २ सय ६९ ल्याउँदा एमालेले ९ हजार ४ सय ७१ मत पाएको थियो ।

समानुपातिकतर्फ बहुजन एकता पार्टी नेपालले ५ हजार ४ सय ४४, जसपा नेपालले ५ हजार १ सय ५२, लोसपाले ३ हजार ६ सय ७३ र राष्ट्रिय स्वतन्त्र पार्टी १ हजार १ सय ९९ मत मात्रै ल्याएको थियो । २०७४ को चुनावमा पनि एमाले र माओवादी मिल्दा कांग्रेसबाट सिंहले नै जित हात पारेका थिए । त्यसैले समानुपातिक र प्रत्यक्षतर्फको मतको विश्लेषण गर्दा पनि गगनको सहज जित देखिन्छ । मुख्य चुनौतीका रूपमा हेरिएको अमरेशले जितलाई निरन्तर कायम राख्न यसपटक मतमा ठूलो उलटफेर आउनुपर्छ ।

# बिमा बोर्डको निमित्त कार्यकारी निर्देशकमा पौडेल

**काठमाडौँ।**
स्वास्थ्य बिमा बोर्डको निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी डा कृष्ण पौडेललाई दिइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बोर्डको नेतृत्व रिक्त नराख्न मन्त्रालयका सहसचिव पौडेललाई निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी प्रदान गरिएको जानकारी दिए।

'बिमा बोर्ड जस्तो महत्वपूर्ण ठाउँमा प्रमुख पद खाली राख्न भएन । त्यसैले मन्त्रालयका सहसचिव पौडेललाई केही समयका लागि निमित्त कार्यकारी निर्देशकको जिम्मेवारी प्रदान गरिएको हो,' उनले भने । कार्यकारी निर्देशक डा. रघुराम काफ्लेले गत आइतबार राजीनामा दिएका थिए।

निमित्त कार्यकारी निर्देशक पौडेल मन्त्रालयको नीति, योजना तथा अनुगमन महाशाखामा प्रमुख हुन् । मन्त्रालयका प्रवक्ता डा. बुढाथोकीका अनुसार उनलाई बोर्ड र नीति तथा योजनामा महाशाखा दुवै हेर्ने गरी जिम्मेवारी तोकिएको छ।

# धनुषामा इजाजतप्राप्त हातहतियार बुझाउन निर्देशन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लाभित्र रहेका सबै इजाजतप्राप्त हातहतियार तथा खरखजाना अनिवार्य रूपमा बुझाउन निर्देशन दिएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्त, सुरक्षित र विश्वसनीय बनाउन उक्त निर्देशन जारी गरिएको हो ।

जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा जारी सूचनाअनुसार जिल्लामा रहेका सबै इजाजतप्राप्त हातहतियार माघ २० गतेभित्र जिल्ला प्रहरी कार्यालय धनुषा वा नजिकको प्रहरी इकाइमा लगत कायम गरी बुझाउनुपर्नेछ ।

निर्वाचनको समयमा कुनै पनि किसिमको सुरक्षा जोखिम उत्पन्न नहोस् भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको प्रशासनले जनाएको छ । प्रहरी इकाइमा बुझाइएका हातहतियार निर्वाचन सम्पन्न भएको एक महिनापछि सम्बन्धित धनीले फिर्ता पाउने व्यवस्था गरिएको छ ।

तोकिएको समयसीमाभित्र हातहतियार नबुझाएमा प्रचलित कानूनअनुसार कारबाही गरिने चेतावनीसमेत जिल्ला प्रशासनले दिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले निर्वाचनलाई निष्पक्ष, भयरहित र मर्यादित रूपमा सम्पन्न गर्न सबै सरोकारवाला पक्षको सहयोग आवश्यक रहेको उल्लेख गर्दै सूचनाको पूर्ण पालना गर्न सर्वसाधारणलाई आग्रह गरेका छन् ।

# धनुषामा कुनै उम्मेदवारविरुद्ध परेन उजुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका कुनै पनि उम्मेदवारविरुद्ध उजुरी परेको छैन । मुख्य निर्वाचन अधिकृत शुभाषबाबु पुरीका अनुसार जिल्लाका चारवटै निर्वाचन क्षेत्रका उम्मेदवारविरुद्ध कुनै पनि उजुरी दर्ता भएको छैन ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मंगलबार उम्मेदवारी दर्ता सम्पन्न भएको थियो भने बुधबार बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उजुरी दर्ताको समय तोकिएको थियो । तर तोकिएको समयभित्र कुनै पनि उम्मेदवारविरुद्ध उजुरी नपरेको निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्ला निर्वाचन कार्यालय धनुषाका अनुसार निर्वाचन क्षेत्र नम्बर १ मा ४२ जना, क्षेत्र नम्बर २ मा ३४ जना, क्षेत्र नम्बर ३ मा ४५ जना र क्षेत्र नम्बर ४ मा ३७ जनाको उम्मेदवारी दर्ता भएको छ ।

यसपटकको निर्वाचनमा अधिकांश क्षेत्रमा २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरेका उम्मेदवारहरू नै पुनः मैदानमा उत्रिएको देखिएको छ । प्रमुख दलहरूले पुरानै अनुहारलाई उम्मेदवार बनाएपछि चुनावी प्रतिस्पर्धा चिरपरिचित नेताहरूबीच केन्द्रित हुने देखिएको छ ।

धनुषा निर्वाचन क्षेत्र नम्बर १ मा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट दीपक कार्की उम्मेदवार छन्। उनी २०७९ को निर्वाचनमा यसै क्षेत्रबाट निर्वाचित भएका थिए । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट मातृका प्रसाद यादव उम्मेदवार बनेका छन्, जो अघिल्लो निर्वाचनमा दोस्रो स्थानमा रहेका थिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट किशोरी साह उम्मेदवार छन् । उनी २०७९ सालको निर्वाचनमा जनमत पार्टीबाट प्रतिस्पर्धा गर्दै तेस्रो स्थानमा पुगेका थिए । नेपाली कांग्रेसबाट रामपल्टन साह चुनावी मैदानमा छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर २ मा पनि प्रमुख दलका पुरानै उम्मेदवारहरूको वर्चस्व देखिएको छ । यहाँ नेकपाबाट रामचन्द्र झा, नेपाली कांग्रेसबाट दिनेशप्रसाद यादव (प्रसैला) र नेकपा एमालेबाट उमाशंकर अरगरियालगायत उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा नेकपा एमालेबाट जुलीकुमारी महतो, नेपाली कांग्रेसबाट विमलेन्द्र निधि, राष्ट्रिय स्वतन्त्र पार्टीबाट मनिष झा र जसपा नेपालबाट परमेश्वर साहलगायत उम्मेदवार मैदानमा छन् ।

धनुषा निर्वाचन क्षेत्र नम्बर ४ मा अघिल्लो निर्वाचनका प्रतिस्पर्धीहरू पुनः आमनेसामने भएका छन् । यहाँ नेकपा एमालेका रघुवीर महासेठ र नेपाली कांग्रेसका महेन्द्र यादव मुख्य प्रतिस्पर्धीका रूपमा देखिएका छन् । २०७९ सालको निर्वाचनमा महासेठ निर्वाचित भएका थिए भने यादव दोस्रो स्थानमा सीमित भएका थिए ।

उम्मेदवारविरुद्ध उजुरी नपर्नुले उम्मेदवारी दर्ता प्रक्रिया शान्तिपूर्ण र नियमसम्मत ढंगले सम्पन्न भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । अब उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशनसँगै धनुषा जिल्लामा चुनावी माहोल थप तातिने अपेक्षा गरिएको छ ।

# पूर्वसचिव मिश्रासँग पाँच लाख धरौटी माग



**काठमाडौँ।**
विशेष अदालतले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी पूर्वअतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्रासँग भ्रष्टाचार मुद्दामा पाँच लाख रुपैयाँ धरौटी माग गर्ने आदेश गरेको छ।

न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको संयुक्त इजलासले बुधबार धरौटी लिएर तारिखमा राखेको आदेश गरेको हो । अदालतले नगद धरौटी वा बैंक जमानत नदिए विशेष अदालत नियमावली, २०८० को नियम ३० को उपनियम (२) बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालयमा पठाइ दिनसमेत भनेको छ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कात्तिक २ गते 'म्यामोग्राफी मेसिन' खरिदमा अनियमितता गरेको भन्दै स्वास्थ्य सेवा विभागका तत्कालीन महानिर्देशक डा कौशल मिश्रासहित १४ जनाविरूद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गरेको थियो।

# लिट्मसद्वारा इलेक्ट्रिसियनका लागि सीप सुधार कार्यक्रम

**काठमाडौँ ।**
लिट्मस इन्डस्ट्रिज लिमिटेडले इलेक्ट्रिसियनका लागि सीप सुधार कार्यक्रम आधिकारिक रूपमा शुरुवात गरेको छ । शिक्षा, दक्षता र सुरक्षा भन्ने कम्पनीको नारामा आधारित यो विशेष सीपमुलक कार्यक्रम शुरुमा काठमाडौँमा गर्न लागिएको र निकट भविष्यमै देशव्यापी विस्तार गर्ने योजना रहेको छ ।




सीप सुधार कार्यक्रम लिट्मसका उत्पादन प्रयोग गर्ने इलेक्ट्रिसियनहरूका लागि विशेष रूपमा तयार गरिएको हो, जसले कम्पनीले आफ्ना ग्राहकप्रति राखेको जिम्मेवारी र योगदानको प्रतिबिम्ब देखाउँछ ।

यस पहलमार्फत लिट्मसले प्राविधिक सीपलाई थप सुदृढ बनाउँदै देशभर सुरक्षित इलेक्ट्रिक अभ्यासलाई प्रवद्र्धन गर्ने लक्ष्य लिएको छ । बीस दिने तालिम कार्यक्रमले सैद्धान्तिक र व्यवहारिक दुवै पक्षमा ध्यान केन्द्रित गर्नेछ । यसमा औद्योगिक इलेक्ट्रिक वायरिङ तथा स्थापना, मोटर कन्ट्रोल प्रणाली, अर्थिङ, लाइटनिङ प्रोटेक्सन, जेनेरेटर प्रणाली तथा अन्य आवश्यक ह्यान्ड्स–अन सीप समावेश छन् । इलेक्ट्रिसियनको दक्षता बढाएर सुरक्षित वायरिङ र गुणस्तरीय विद्युत सुनिश्चित गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यो तालिमसँग आबद्ध बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीसँगको सहकार्यमा सञ्चालन भइरहेको छ, जसले संरचित, उद्योग–सम्बन्धित र मापदण्डयुक्त प्राविधिक शिक्षा सुनिश्चित गर्नेछ ।

कार्यक्रमको औपचारिक शुरुवात लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक साक्षी गुप्ता र बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशील कुमार श्रेष्ठबीच भएको हस्ताक्षर समारोहमार्फत गरिएको हो ।

समारोहमा लिट्मस इन्डस्ट्रिज लिमिटेडकी निर्देशक गुप्ताले भनिन्, 'यो पहल तालिम मात्र नभएर समाज र ग्राहकप्रतिको हाम्रो जिम्मेवारी हो । लिट्मस सधैँ आफ्ना ग्राहकसँग उभिएको छ र सधैँ उभिरहनेछ, शिक्षा र सीपविकासको यो कार्यक्रममार्फत सुरक्षित वायरिङ अभ्यास र गुणस्तरीय विद्युत स्थापनालाई प्रवद्र्धन गर्नेछ । काठमाडौँबाट शुरु गरिएको यो तालिम देशभर विस्तार गर्न पाउँदा हामी गौरवान्वित छौँ ।'

बालाजु स्कूल अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजीका प्रिन्सिपल सुशील कुमार श्रेष्ठले आफ्ना धारणा व्यक्त गर्दै भने, 'लिट्मस इन्डस्ट्रिज लिमिटेडजस्तो प्रतिष्ठित कम्पनीसँग यो महत्वपूर्ण पहलमा सहकार्य गर्न पाउँदा हामी अत्यन्त खुसी छौँ, कार्यक्रमले इलेक्ट्रिसियनको सीप, व्यवसायिक दक्षता र सुरक्षा सचेतनामा वृद्धि गरी समाजमा सकारात्मक प्रभाव पार्नेछ ।'

'शिक्षा, दक्षता, सुरक्षा' भन्ने नाराबाट प्रेरित लिट्मसको सीप सुधार कार्यक्रमले इलेक्ट्रिसियनलाई सशक्त बनाउने, सुरक्षा मापदण्ड सुधार गर्ने र नेपालमा दक्ष प्राविधिक जनशक्ति विकासमा योगदान पु¥याउने कम्पनीको प्रतिबद्धतालाई स्पष्ट रूपमा देखाएको छ ।

लिट्मस इन्डस्ट्रिज
लिट्मस इन्डस्ट्रिज लिमिटेड नेपालकै अग्रणी तार, केबल र कन्डक्टर निर्माता कम्पनी हो, जसले सुरक्षा, नवीनता र भरपर्दोपनमा निरन्तर उच्च मापदण्ड कायम गर्दै आएको छ । देशको पूर्वाधार विकासमा योगदान पु¥याउँदै, लिट्मसले अन्तर्राष्ट्रिय स्तरका विद्युत समाधान प्रदान गर्दै समुदाय र उद्योगमा विश्वास र प्रगति फैलाउँदै आएको छ ।

# मधेशमा विभिन्न पार्टीका आठ अध्यक्षको भिडन्त

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशमा आगामी प्रतिनिधिसभा निर्वाचनलाई लिएर राजनीतिक प्रतिस्पर्धा असाधारण रूपमा चर्किएको छ ।

यसपटक मधेशका विभिन्न निर्वाचन क्षेत्रमा ८ वटा राष्ट्रिय तथा क्षेत्रीय दलका अध्यक्षहरू नै चुनावी मैदानमा उत्रिनुले चुनावलाई सत्तासंघर्षको केन्द्र बनाएको छ । नेपाली कांग्रेसका सभापति गगन थापा सर्लाही–४ बाट उम्मेदवार बनेपछि यो क्षेत्र राष्ट्रिय राजनीतिको ध्यान केन्द्र बनेको छ ।

उनको प्रतिस्पर्धामा एमाले र रास्वपाका उम्मेदवार रहेकाले यो क्षेत्र तीन ध्रुवीय प्रतिस्पर्धामा देखिन्छ । त्यसैगरी, जसपा अध्यक्ष उपेन्द्र यादव, जनमत अध्यक्ष सीके राउत, आम जनता पार्टी अध्यक्ष प्रभु साह, राष्ट्रिय मुक्ति पार्टी अध्यक्ष राजेन्द्र महतो, संघीय समाजवादी पार्टी अध्यक्ष रिजवान अन्सारी, राष्ट्रिय निर्माण दल अध्यक्ष समिम मियाँ अन्सारी र समुन्नत नेपाल पार्टी अध्यक्ष पूर्वआईजीपी सर्वेन्द्र खनाल समेत मैदानमा उत्रिएका छन् ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन